
INLS
Darpan
अनेसास
दर्पण
५
अनलाइन पत्रिका
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
International Nepali Literary Society


अनेसास

# दर्पण

INLS

Darpan

## अनलाइन पत्रिका




**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**

**International Nepali Literary Society (INLS)**

केन्द्रीय कार्य समिति, वासिङ्टन डि.सी., अमेरिका

अनेसास दर्पण
INLS Darpan
अनलाइन पत्रिका

| | | |
|---|---|---|
| प्रकाशक | : | अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)<br>केन्द्रीय कार्य समिति, वासिङ्टन डि.सी., अमेरिका |
| संस्करण | : | अनलाइन |
| अङ्क | : | पाँच |
| प्रधान सम्पादक | : | लालगोपाल सुवेदी |
| कार्यकारी सम्पादक | : | ऋषि बराल |
| प्रविधि सम्पादक | : | कुसुम ज्ञवाली |
| प्रकाशन | : | वि.सं. २०७६ (सन् २०१९, मे) |
| सर्वाधिकार | : | © प्रकाशकमा |
| आवरण कला | : | निक जोशी |
| कम्प्युटर सेटिङ | : | दीपेन्द्रकुमार जोशी 'निक'/सुमिना जोशी<br>निक द डिजाइनर, नारायणगढ, चितवन<br>०५६-५७१७४०/९८४५०५३३९१ |

INLS Darpan
Online Magazine by International Nepali Literary Society (INLS) Central Committee

अनेसास दर्पण
INLS Darpan

**अनलाइन पत्रिका**

वर्ष : ५ अङ्क : १ पूर्णाङ्क : ५ मे २०१९

प्रधान सम्पादक :

**लालगोपाल सुवेदी**

कार्यकारी सम्पादक :

**ऋषि बराल**

प्रविधि सम्पादक :

**कुसुम ज्ञवाली**

सम्पादक

**राजेश बुढाथोकी** (अस्ट्रेलिया)

**प्रकाशचन्द्र घिमिरे** (अमेरिका)

**महेश्वर शर्मा** (अस्ट्रेलिया)

**नीलकण्ठ सुवेदी** (अमेरिका)

**स्पन्दन विनोद** (पोर्चुगल)

**खगेन शर्मा** (भारत)

**अरुण पौडेल** (जापान)

**सरोज भण्डारी 'सर्वहारा'** (कोरिया)

**गणेश आचार्य** (इटाली)

# हार्दिक शुभकामना



अन्तर्राष्ट्रिय नेपाली समाजले विगत केही वर्षदेखि प्रकाशन गर्दै आइरहेको **अनेसास दर्पण** अनलाइन पत्रिकाको नयाँ अङ्क प्रकाशन हुन लागेको खबरले मलाई ज्यादै खुसी बनाएको छ । यस कठिन कामको जिम्मा लिएर नेपाली भाषासाहित्य, कला र संस्कृतिलाई विश्वविस्तारीकरणको अभियानमा आ-आफ्नो क्षेत्रबाट समर्पण देखाउने नयाँ सम्पादन मण्डलका सबै मित्रहरूलाई मुरी-मुरी धन्यवाद दिन चाहन्छु ।

विश्वभर छरिएर रहेका नेपाली भाषाभाषीहरूलाई भाषाको सरल र सुलभ माध्यमबाट एकताको सूत्रमा आबद्ध यस अनलाइन प्रकाशनले ठूलो भूमिका निर्वाह गर्नेछ भन्ने मैले ठानेकी छु । मानिसहरूको मौलिक परिचयसँग भाषासाहित्य, कला, संस्कृति जोडिएको हुन्छ । भाषाल नै मान्छेको मौलिकता र संस्कृतिलाई सम्बर्द्धन र संरक्षण गर्दै समाजलाई अगाडि बढाइरहेको हुन्छ। साहित्यबाटै त्यहाँको सभ्यताको परिचय पाउन सकिन्छ । त्यसैले हामी जहाँ बसे पनि जहाँ रहे पनि आफ्नो भाषा, संस्कृतिलाई सधैँ संरक्षण सम्बर्द्धन गर्नमा तल्लीन छौँ ।

यसै पुनीत उद्देश्य परिपूर्तिहेतु दर्पणले सबैतिरको सबैखाले लेखरचनालाई आफ्नो प्रकाशनभित्र समावेश गर्न सफल हुनेछ भन्ने मैले विश्वास लिएकी छु । दर्पण अनेसासका सम्पूर्ण आजीवन सदस्यज्यूहरू अनेसासलाई माया गर्ने सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरू तथा नेपाली भाषासाहित्यलाई माया गर्नेहरूबीच लोकप्रिय भई फैलँदै र मौलाउँदै जाओस् मेरो हार्दिक शुभकामना छ ।

**गीता खत्री**
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
बोर्ड अफ ट्रस्टी (BoT)

# अध्यक्षको मन्तव्य



अनेसासले स्थापनाको २८ वर्ष पूरा गरिसकेको छ। हालसम्म विभिन्न उतारचढावहरू पार गर्दै आज विश्वभरि छरिएर रहनुभएका स्रष्टाहरूको महत्त्वपूर्ण साथ पाएको छ। दर्जनौँ च्याप्टरहरूमार्फत् डायस्पोरिक स्रष्टाहरूलाई गोलबद्ध गर्न अनेसासले अतुलनीय भूमिका खेलेकोमा दुईमत छैन भन्नेमा ढुक्क छौँ।

अनलाइन प्रकाशन **अनेसास दर्पण**को प्रकाशन हुने खबरले हर्षविभोर भएका छौँ। मुखपत्रको रूपमा छापामा **अन्तर्दृष्टि** त्रैमासिक नियमित प्रकाशन हुँदै आइरहेको कुरा त यहाँहरूलाई विदितै छ। रेडियो कार्यक्रममार्फत् पनि हामी हाम्रा स्रष्टाहरूसम्म पुग्ने कोसिस निरन्तर गरिरहेका छौँ।

एउटै पत्रिका वा एउटै प्रकाशनमार्फत् सबै स्रष्टाहरूलाई समेट्न पक्कै कठिन हुन्छ। त्यसैले हामी हाम्रा हरेक प्रकाशनमार्फत् विश्वभरि छरिएर रहनुभएका स्रष्टाहरूलाई समेट्ने कोसिस गर्छौं। यसमा अग्रजहरूको माया, सद्भाव अनि हौसला मात्र हैन सम्पूर्ण स्रष्टाहरूको साथ र सहयोगको पनि जरुरी पर्दछ। अनेसास सधैँ तपाईंहरूसँगै थियो/रहनेछ।

अथक मिहिनेतका लागि प्रधान सम्पादक लालगोपाल सुवेदी, कार्यकारी सम्पादक ऋषि बराल तथा प्रविधि सम्पादक कुसुम ज्ञवालीसहितको सम्पूर्ण टिमप्रति हार्दिक आभार प्रकट गर्दै आगामी अङ्कको निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछु।

नेपाली भाषा, साहित्य, कला र संस्कृतिको उन्नयन र विकासमा अनेसासले लिएको द्रुत गतिमा साथ दिनुहुने तपाईंहरू सम्पूर्ण धन्यवादको पात्र हुनुहुन्छ। वर्तमान केन्द्रीय कार्य समिति, निवर्तमान कार्य समिति, पूर्व अध्यक्षज्यूहरू, आजीवन सदस्यज्यूहरू, च्याप्टर अध्यक्षज्यूहरू, बोर्ड अफ ट्रस्टीलगायत सबैमा कृतज्ञता व्यक्त गर्दछु। जय अनेसास!

**राधेश्याम लेकाली**
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
केन्द्रीय कार्य समिति

# सम्पादकीय



- हामी **अनेसास दर्पण**को अङ्क ५ लिएर उपस्थित भएका छौँ ।
- डायस्पोरामा छरिएर रहनुभएका स्रष्टाहरूलाई समेट्ने कोसिस गर्नु हाम्रो मुख्य अभिप्राय हो ।
- अनेसास केन्द्रीय कार्य समितिका अन्य प्रकाशनहरूसँग समन्वय गरी आवश्यक प्रबन्ध मिलाएका छौँ ।
- **अनेसास दर्पण** धेरै फूलहरूलाई बटुलेर बनाइएको सुन्दर माला हो ।
- विश्वको कुना-कुनामा छरिएर रहनु हुने स्रष्टाले यस मालालाई उन्न, पहिरिन र ग्रहण गर्न सक्नु हुनेछ ।
- महत्त्वपूर्ण जिम्मेवारीका लागि केन्द्रीय कार्य समितिप्रति हार्दिक आभार प्रकट गर्दछौँ ।
- अनेसास केन्द्रीय कार्य समितिको उद्देश्य र कार्यदिशालाई अगाडि बढाउने सन्दर्भमा **अनेसास दर्पण** टिमले सदासर्वदा सकारात्मक भूमिका निभाउने कोसिस गर्नेछ ।
- रचना उपलब्ध गराउने स्रष्टाहरू, कम्प्युटर लेआउटमा सहयोग गर्नुहुने निक द डिजाइनर, नारायणगढ, चितवन, नेपालका दीपेन्द्रकुमार जोशी 'निक', विज्ञापनदाता, शुभेच्छुक सम्पूर्णमा हृदयदेखि नै धन्यवाद ।
- यो अङ्क पढेर प्रतिक्रियाको अपेक्षा राखेका छौँ । तपाईंको सुझावअनुसार आगामी अङ्कमा सुधार गर्नेछौँ ।
- अन्तर्मनको साहित्यिक अर्पण : **अनेसास दर्पण** ।

**लालगोपाल सुवेदी**
प्रधान सम्पादक
अनेसास दर्पण प्रकाशन समिति

# विषयसूची

## कथा


| | | |
|---|---|---|
| महेश्वर पन्त | पिटर जोनले देह त्याग्यो | ११ |
| सुरेन उप्रेती | चिठ्ठी | २७ |
| अर्जुनराज पन्त | घर फोर्नू कुखुरा नचोर्नू | ३८ |
| रश्मि भट्ट | यज्ञ प्रश्न | ४८ |


## लघुकथा


| | | |
|---|---|---|
| लीलाराज दाहाल | समाजसेवी | ४३ |
| हिमोढ पहाडी | सहिद | ६२ |


## कविता


| | | |
|---|---|---|
| शकुन ज्ञवाली | थोत्रो छाता | १८ |
| महेश पौड्याल | म बर्बरिक | २० |
| मुक्ति गौतम | सपनाको रूप | २२ |
| दीपा राई पुन | सपना निर्माण | २४ |
| भवानी नेपाल | ती औँलाहरू | ३२ |
| विमन किरौँती | उद्घोष | ३४ |
| सुशील नेपाल | थोपा | ३७ |
| सन्तोष लामिछाने | पात्रहरू र पाठशाला | ४१ |
| मनीषा प्रसाईं | बिहानी | ४४ |
| निरज क्षेत्री | सन्तान र बिरुवा | ४५ |
| क्रिस गुल्मेली बाबु | कहिले बन्छ हाम्रो देश नेपाल | ४७ |
| एलिना सङ्ग्रौला | रगतले लेखिएको विधान | ५३ |
| जनक कार्की | भिन्नता | ५५ |
| सीता बराल | छोरी तिमी फर्क ! | ६० |

गणेश श्रेष्ठ 'अपेक्षा' ............ तिमी आएपछि .......................... ६१
निलकण्ठ सुवेदी .................... ए नयाँ वर्ष .............................. ६४
डन कार्की ........................... बुद्धको खोजी ........................... ६६
पुष्पा खनाल ......................... आयतन .................................. ७१

## मुक्तक

तीर्थराज अधिकारी ............... तीन मुक्तक .............................. १९
वाई.बी. गुरुङ ...................... तीन मुक्तकहरू .......................... २५
चन्द्रा मरासिनी जुना ............. मुक्तक.................................... ५६

## हाइकु

प्रमोद सारंग ........................ तीन हाइकु ............................... १९
प्रकाश पौडेल 'माइला' ......... केही हाइकु ............................... २६

## गजल

मनोज मनसुन .................. २३
राजेश तुफान कार्की ......... ३६
गणेश घिमिरे ................. ४६
खगेन्द्र समरस न्यौपाने ...... ५४
गणेश आचार्य ................. ५७
निरु न्यौपाने .................... ६२
कृष्ण कुसुम .................... ६५
निखिल उदास .................. २३
स्पन्दन विनोद .................. ३६
कल्पना सुवेदी .................. ४६
बद्रीबाबु पोखरेल .............. ५४
इन्दिरा चाम्लिङ............... ५७
रमेश दाहाल ................... ६२
सुशीला खड्का 'हसिना'....... ६५

## गीत

अग्नि पराजुली/ उमा पराजुली ........................................... ५८
ऋषि बराल ...................... छोरीको कर्म ............................ ७२

## लेख/रचना

डा. दुर्गा दाहाल ................. फेब्रुअरी फिभर ........................ ६७

# पिटर जोनले देह त्याग्यो



● **महेश्वर पन्त**
बोस्टन, अमेरिका

पिटर अमेरिकी मध्यमवर्गीय परिवारमा जन्मेको एक्लो सन्तान हो। ऊ आज मेरो छेउमा बसेर मलाई आफ्नो जिन्दगीको कथा सुनाउँदै छ। म अहिले ऊसँग डङ्किन डोनटको क्याफेमा बसेर कफीको चुस्की लगाउँदै उसको कथा सुनिरहेको छु। आकाशबाट साना-साना गुच्छा परेका सेता कपासका भुवाजस्ता देखिने हिउँका टुक्राहरू नाच्दै खसिरहेका छन्। पृथ्वी जताततै सेताम्य भएको छ। धर्ती नै चर्चमा सिँगारिएकी बेहुलीजस्तै सेतै भएकी छिन्। लगातार हिमपात भइरहे पनि मानिसहरूको चहलपहल घटेको छैन। सबै आफ्ना-आफ्ना काममा व्यस्त छन्। हिउँ परोस् कि पानी परोस् वा गर्मीले टट्टाओस्, अमेरिकनहरू घरमा आराम गरेर वा गफ चुटेर बस्दैनन्। हिउँ सफा गर्ने टोलीहरू जागिर पाएकोमा खुसी छन्। सारा सडकहरू, पसलका, घरका पार्किङ लटहरूमा जम्मा भएको हिउँको थुप्रोलाई बडो जाँगर लगाएर ठूला-ठूला ट्रकमा जोडिएका चोसाहरूले उधिनेर सोहोर्दै एउटा कुनामा थुप्रो लगाउँदै छन्। प्रकृतिको जस्तोसुकै ठूलो चुनौतीसँग पनि लड्ने उपायहरू खोजेका छन् अमेरिकनहरूले। अत्यधिक हिउँ पर्ने बोस्टनलगायत वरपरका सबै सहरहरू जीवन्त छन्। यी सहरहरू कहिल्यै सुत्दैनन्, जाडो याममा होस् या गर्मी याममा। भर्खर जवानीले मस्त भएका युवायुवतीजस्तै यी सहर प्रायः उन्मादमै देखिन्छन् सधैँभरि।

मान्छेहरू पनि आफ्नो काम अनि देश र जिल्लाका कानुनहरूलाई सधैँ प्राथमिकतामा राख्छन् आफ्नो परिवार र साथीभाइलाई भन्दा पनि। कानुन र पेसाको अगाडि आफ्नो आमा, छोरा, बाबु जोसुकै आए पनि यिनीहरू मेरो भन्दैनन् र भन्न पनि मिल्दैन। पिटरले परिवार, साथीभाइ भनेर चिनेको उसको बाबु रबर्ट (बब) जोन र आमा जेनिस जोनबाहेक धेरै छैनन्। स्कुलमा केही शिक्षक र एक/दुईजना साथीहरूलाई चिनेको छ। उसले धेरै जनालाई चिनोस् पनि कसरी? ऊ धेरै बोल्दैन, उसलाई धेरैले रुचाउँदैनन्, पढाइमा पनि तिख्खर छैन। त्यसैले

बाह्र क्लासभन्दा माथि पढ्न पनि सकेन । उसको मनको कुरा बुझ्ने मान्छे पनि कोही छैनन् यस दुनियाँमा । उसलाई न आमाले बुझ्िन्, न बाबुले बुझे । आमा आफ्नै काममा व्यस्त हुन्थिन् भने बाबु झन् व्यस्त हुन्थे । परिवार धान्न, घरको किस्ता र कारको किस्ता तिर्न हप्ता-हप्तामा बुझेको तलबले भ्याउनुपर्थ्यो । घरमा प्रायः खाना पाक्दैनथ्यो । दिउँसो अफिसमै लन्च अर्डर गरेर खान्थे भने राति बाहिरै डिनर खाएर आउने गर्थे उसका बाआमा । मुस्किलले दिनमा १ मिनेट समय दिन पाउँथिन् पिटरलाई उसकी आमाले भने बाले कहिलेकहीँ शनिबार र आइतबार भेट भयो भने दुई शब्द बोल्न भ्याउँथे पिटरसँग । भेट हुँदा बाले पिटरसँग सोध्ने एउटै प्रश्न हुन्थ्यो - 'ओ माइ गड ! लुक एट यु । माइ बड्डी ग्रोइङ अप सो फास्ट । हाउ आर यु ?' पिटर घोसेमुन्टो लाएर - 'आइ एम फाइन ड्याड' मात्र भन्थ्यो । 'यत्ति नै हो मैले पाउने मेरो बाउको माया' भनेर चित्त बुझाउँथ्यो ।

सन्तान नपाउनेमा नै जोड दिएका थिए उसका बाबुआमाले । हजुरबा र हजुरआमाको अनुरोधमा एउटा सन्तानलाई जन्म भने दिएका थिए । यो कुरा पिटरका हजुरबा माइकल जोनले एकदिन पिटरसँग भनेका थिए । बाबुआमाको इच्छाविपरीत जन्मिएको पिटर जोनले एक्लो सन्तान भएका कारण दाजुभाइदिदीबहिनीको मायाको अनुभव नै गर्न पाएन । हजुरबाहजुरआमा कहिलेकाहीँ एक/दुईघण्टा पिटरसँग बिताउनका लागि आउँथे तर उनीहरू पनि धेरै वर्ष बाँचेनन् ।

पिटरले मसँग यी कुरा गर्दागर्दै धेरैपटक उसका आँखा छचल्किएका थिए । उसले रोक्न खोज्दा-खोज्दै पनि उसका आँखाले भित्रैदेखि उमडिएर आएको आँसुलाई रोक्न सकेका थिएनन् ।

पिटरले हट क्यापाचिनोको सुर्की लाउँदै मतिर हेर्दै भन्यो -

'निवास ! तिमीलाई थाहा छ ? मलाई जन्माएर घरमा ल्याएको एकहप्तामै मेरो आमाबाको क्रुजयात्रा थियो रे ! मलाई न्यानीसँग छोडेर एक महिना उनीहरू क्रुजमा गएका रे ! तीनपटक त बिरामी भएर अस्पताल लगेकी थिइन् रे मलाई न्यानीले !'

उसका यी कुराले मलाई गहिरो आश्चर्यमा पार्‍यो । नेपालमा हाम्रा आमाहरूले सन्तानलाई दिने मायाको सम्झना गरेँ । आफ्नो बाल्यकालका मातृबिम्बहरू आँखावरिपरि आएर नाच्न थाले । आमाले तोरीको तेल दलेर घाममा सुताएर सेकेको । आफ्नो न्यानो छातीमा टाँसेर रातभर आफू जागा बसेर मलाई

निस्फिक्रीसँग निदाउन लगाएको आदि-आदि । यस्तो पो हुन्छ त आमाको माया । आफ्नो गाँससमेत काटेर 'को ख्वाइ, को ख्वाइ !' गर्दै दिनभर पछि-पछि दौडेर खुवाएको । बाले काँधमा हालेर गाउँभरि डुलाएको ।

म पिटरतिर अझै जिज्ञासाका आँखा तेर्स्याइरहेको थिएँ । ऊ भन्दै थियो -

'मैले कहिल्यै आमाको न्यानो काख पाइनँ । बाबाको ताते गराउने औँलाको भर कहिल्यै पाइनँ । मलाई त यो पनि थाहा छैन मेरी आमाको शरीरको गन्ध कस्तो छ ! बाबाआमाको काखमा लडिबुडी खेलेर लाडिन कहिल्यै पाइनँ मैले । घरमा आमाले पकाएको रुखोसुखो पनि खान पाइनँ । जन्मिएर एकपटक पनि आमाको दूध चुस्न पाइनँ । प्याकेटका खाना, डब्बाका दूध, म्याकडोनाल्ड, पिज्जा, बर्गर, सब वे, अर्डर गर्दै खाँदै हुर्किएँ म । जन्मेको दिनदेखि दुई खुट्टाले टेकेर हिँड्ने बेला नहुञ्जेल आमाको भन्दा छुट्टै कोठामा रिमोटबाट हल्लिने विद्युतीय कोक्रोमा झुलेर कट्यो मेरो बाल्यकाल । चिसोमा आफैँ चिसिएँ, गर्मीमा एक्लै तातेँ । कसैको संसर्गको अनुभूति नै गर्न पाइनँ ।'

पिटर हाइस्कुल पुगेपछि उसको बाले उसलाई बारम्बार भन्ने गर्थे -

'मैले मेरो बाको घर सत्र वर्षमै त्यागेको थिएँ । तिम्री आमाभन्दा पैलाको गर्लफ्रेन्डको घरमा सरेको थिएँ, छोरो भनेको त्यस्तो हुनपर्छ ।'
पिटरलाई बार-बार आफ्नो बाबुबाट यस्तो कुरा सुन्दा बाबुले घरबाट घोक्र्याएर निकालेजस्तो लाग्थ्यो । केही समर्थन मिल्ने आशमा जन्मदिने आमा आफ्नी जगत्जननीतर्फ दयालु नजरले हेर्थ्यो ऊ ।

आमा बाबालाई सम्झाउँथिन् - 'पर्ख न, ऊ अझै भर्खरकै छ । अठार वर्ष पुगेपछि मेरो छोरो एउटी केटी लिएर यो घर छोड्नेछ । नो वरिज हनी ।' पिटर आमाले भनेको शब्द 'मेरो छोरो' सुनेर मख्ख पर्दथ्यो ।

पिटर साथीहरूसँग पनि रमाउन सकेको थिएन । त्यसो त उसका धेरै साथी पनि थिएनन् । शारीरिक बनोटमा पनि ऊ अलि मोटो हुँदै गएको थियो । आफ्नो छुट्टै कोठाका निर्जीव खेलौनाहरूसँग कुरा गरेर दिन काट्थ्यो पिटर । राति एक्लै तिनै खेलौनाहरूसँग बोल्दा-बोल्दै निदाउँथ्यो ।

कक्षा दसमा पढ्दादेखि नै उसले म्याकडोनाल्ड स्टोरमा बेलुका तथा बिदामा काम गर्न थालेको थियो । काम गर्ने ठाउँमा पनि उसका मनका कुरा सुनिदिने कोही थिएन । कसैलाई ऊसँग बसेर सुखदुःखका कुरा गर्ने फुर्सद पनि

थिएन । यता स्कुल र कामले गर्दा आमाबासँग पनि भेट हुन छाडेको थियो । आफ्नो जिन्दगी निराशाको एउटा ठूलो थुप्रोजस्तै लाग्न थालेको थियो उसलाई । काममा सबै व्यस्त हुन्थे । आफ्नै सुरमा सबै दौडिरहेका हुन्थे । ऊ अचम्म मान्थ्यो र मनमनै भन्थ्यो -

'मान्छे केका लागि यसरी दौडिरहेका छन् ? किन मान्छे एकछिन सुस्ताएर आफ्नो र आफ्नाको बारेमा सोच्दैनन् होला ?'

काममा पनि ऊ सबैको अर्घेलो भएको थियो । म्यानेजर, सुपरभाइजर तथा सबै सह-कर्मचारीहरू पिटरकै पछि परेका थिए । सबैले लखेटिरहन्थे । कसैले उसलाई गाह्रो भएको छ कि ? उसको समस्या केही छ कि भनेर सोध्ने चेष्टा गरेनन् । उसलाई यो संसार र यो संसारमा भएका जीवित वस्तुहरू व्यर्थ लाग्न थालेका थिए । आजकल उसलाई निर्जीव वस्तुको मात्र भरोसा लाग्न थालेको छ ।

जसोतसो पिटरले बाह्र क्लास सक्यो तर कलेज जान सकेन । बाआमाले पनि कर गरेनन् । ऊ राम्रो जागिरको खोजीमा लाग्यो । म्याकडोनाल्डको जागिरले बाआमाको घर छोडेर बस्न पनि पुग्दैनथ्यो । फेरि राम्रो जागिर नहुँदा डेरा पाउन पनि मुस्किल थियो । राम्रै जागिर भए तापनि एक्लैले कोठाभाडा तिर्न गाह्रो पर्थ्यो । यति सानै उमेरमा यति धेरै जटिल समस्या असरल्ल पसारिएका थिए उसका अगाडि । पिटर यताउता, चारैतिर हेर्थ्यो तर सहायता कतैबाट पनि पाउँदैनथ्यो । त्यति हुँदा पनि उसले पूर्णतः हरेश भने खाइसकेको थिएन ।

डेराकै लागि साथी खोज्ने क्रममा उसले एउटा केटी साथी भेट्यो । मेलिना स्मिथ थियो उनको नाम । उसले पिटरलाई डेट जाने प्रस्ताव गरी । त्यसपछि पिटर क्रिसमस, थ्याङ्क्स गिभिङका दिन बाआमाको घर अर्थात् उसको जन्मघर अनि त्यस घरभित्रको उसको एकान्त कोठा र त्यहाँ भएका उसका साथी निर्जीव खेलौनाहरू छोडेर मेलिनासँग एउटै कोठामा बस्ने गरी डेरा सऱ्यो । पिटर र मेलिना धेरै डेट गए । उनीहरूको प्रेम पनि झ्याङ्गिँदै जान थाल्यो । उसलाई आफ्नो जिन्दगी रमाइलो लाग्न थाल्यो ।

पिटरको एउटा सपना थियो - आफू एकदिन हुलाकी बनेर सबैको घर-घरमा पत्र पुऱ्याउन पाइयोस्, यो त्यति ठूलो, पूरा हुनै नसक्ने सपना पनि थिएन । उसले यु.एस. हुलाकसेवामा काम गर्न आवेदन भऱ्यो तर धेरै समयपछि मात्र उसलाई हुलाक विभागबाट कामका लागि बोलाइयो ।

उसले पुनः मतिर फर्केर भन्यो - 'निवास ! मैले र तिमीले सँगै तालिम गरेको हैन ?'

'हो' भन्दै टाउको हल्लाएँ मैले ।

हुलाकमा जागिर खाँदा मेलिना र पिटरको लिभिङ टुगेदर पाँचौं वर्षमा चल्दै थियो । यसै अवधिमा उनीहरूबाट छोरी जन्मिएकी थिई । उनको नाम क्रिस्टिना जोन राखेका थिए उनीहरूले । पिटर मेलिनासँग चर्चमा गएर वैधानिक रूपमा विवाह गरी बस्न चाहन्थ्यो तर मेलिनाले मानेकी थिइन । पिटरले विवाहको प्रस्ताव राख्दा मेलिनाले 'सँगै बसूँला तर बिहे गर्ने कुरा नगर' भनेपछि पिटर निराश हुन्थ्यो । जन्मँदै मायाको भोको पिटरलाई मेलिनासँग पनि विछोडिनुपर्ने हो कि ! भन्ने कुराले पिरोलिरहन्थ्यो ।

क्रिस्टिना जोन पाँचवर्ष पुगेर स्कुल जान थालेकी थिई । उनीहरू पालो गरेर काममा जान्थे । पालैसँग छोरीको हेरचाह गर्न घरमा बस्थे । केहीवर्षसम्म पिटरको जिन्दगी खुसी र रमाइलोका साथ बित्यो । तर त्यो खुसी केही वर्षका लागि मात्र रहेछ ।

आफ्ना जीवनकथा भन्दै गर्दा उसका आँखाबाट आँसुका ढिक्काहरू गालालाई भिजाउँदै भुइँमा निरन्तर खसिरहेको थिए । उसको त्यो पीडादायी अवस्था देखेर म पनि दुःखी भएँ । सोधेँ -

'किन छोडी त मेलिनाले तँलाई ? झगडा भयो कि ?'

उसले पुनः भावुक हुँदै भन्यो - 'झगडा भएको हैन तर उसले आफ्नो स्वतन्त्रता गुमाइ रे ! उसको अझै घरबार गरेर बस्ने उमेर भएको छैन रे ! अनि 'सरी पिटर ! छोरी र तिमीलाई हेरेर म सधैं यसरी बस्न सक्दिनँ । म तिमीहरूलाई छोडेर जाँदै छु, मेरो आफ्नै स्वतन्त्र संसारमा । मलाई खोज्ने र भेट्ने कोसिस नगर्नू । छोरी भेट्न मन लागेमा म आफै आउँछु' भन्दै मलाई र छोरीलाई छोडेर अर्कै स्टेट गई ।' ऊ अझ भक्कानियो । हाम्रो टिफिन टाइम सकिएकोले हामी पुनः कामतिर लाग्यौं ।

पिटर छोरीलाई असाध्यै माया गर्छ । छोरीलाई खुवाई, लवाई गरी स्कुल पठाएर ऊ काममा आइपुग्छ । उसले काम छोडेको छैन । तर उसलाई सधैं कामको बोझ बढेको छ । एकातर्फ छोरीको स्याहारसुसार, अर्कोतिर काममा पहिलाभन्दा पेलिनुपरेको छ । सुपरभाइजरले पनि उसैलाई बढी कामको लोड थुपार्न थालेको हुँदा

ऊ आत्तिन थालेको छ । जागिर छोडेर पनि छोरीलाई पाल्ने, डेराभाडा, खानाखर्च कसरी पुऱ्याउने भन्ने चिन्ता छ । उसका सहयोगी, आफन्त पनि कोही छैनन् । आमाबाको त उसले पहिल्यै आश मारेको थियो । दयामाया रत्ति पनि नभएका अफिसका हाकिमको व्यवहार देखेर उ अवाक् भएको छ। यस्ता यावत समस्याका कारण पिटर गलिसकेको आभास पाएको थिएँ मैले ।

हामीले बिहान चिठ्ठी गाडीमा लोड गरेर आ-आफ्ना गाडी निकाल्दासम्म जोन चिठ्ठी लोड गरेर भ्याउँदैनथ्यो । सुपरभाइजर पिटरमाथि खनिन्थ्यो -

'पिटर ! मलाई मतलब छैन तेरो समस्या के छ ? म सुन्न पनि चाहन्नँ तर पब्लिककोमा यी चिठ्ठी-पत्र समयमा नपुगे मेरो जागिर जान्छ ।'

पिटर जाडोमा पनि खलखल पसिनाले भिजेको हुन्थ्यो । ऊ हडबडमा गल्ती गर्थ्यो अनि ट्वाइलेट दौडन्थ्यो । उसको दशा देखेर मैले धेरैपटक आफ्नो गाडीको लोडिङ सकेर उसलाई सघाएको छु ।

आजकल झन् थोरै बोल्न थालेको छ पिटर। ऊ सधैं टोलाइरहेको हुन्छ। केही दिनअगाडि मलाई मोबाइलमा खबर पठाएको थियो -

'निवास ! यो संसार सब बदमासहरूको संसार रहेछ। तिमी र मेरो छोरी क्रिस्टिनाबाहेक सबै मलाई प्राण भएका तर चेतना नभएका प्राणीजस्ता लाग्छन्। यिनीहरू त सबै निर्जीव भइदिए सजिलो हुन्थ्यो बरु ।'

मैले जवाफमा - 'सबै ठीक हुन्छ पिटर, आफ्नो ख्याल राख' मात्रभनें । मलाई पिटरको त्यो व्यवहार देखेर डर लागेको थियो। कतै उसले आफैलाई केही नराम्रो पो गर्छ कि !

आज पिटरको मोबाइलबाट प्राप्त भएको खबरले म मात्र हैन सारा अफिस नै हल्लिएको छ । पिटरले शुक्रबार साँझ ५ बजेतिर मेरो मोबाइलमा पठाएको खबर थियो -

'निवास ! म हारें, मैले सकिनँ । कति गरें, कति पर्खें तर यो संसारले मलाई माया दिन सकेन । अफिसकै सुपरभाइजरले पनि मलाई गरिखान दिएन, अनावश्यक तरिकाले पेल्यो । आमाबाले एकपटक आएर सान्त्वना पनि दिएनन् । यो संसार मेरा लागि हैन रहेछ वा म नै संसारजस्तो हुन सकिनछु । एक मनले भनेको थियो कि म यी सबै प्राण भएका तर चेतना नभएका मान्छेलाई मारेर मरूँ तर त्यसो गर्न सकिनँ । संसारले मलाई जुनसुकै मोडमा पनि एक्लै पारेर

लखेट्यो । म योभन्दा बढी अब दौडिन सक्दिनँ । छोरीलाई पनि लिएर जाने विचार थियो तर उसको बाँच्ने अधिकार खोस्न चाहिनँ । मेरो हृदयको अनन्य मित्र ! तिमीले मेरो छोरीलाई आवश्यक सहयोग गरिदिनेछौ भन्ने विश्वास लिएको छु । तिमीसँग बसेर अझै धेरै कफी पिउने मन थियो तर मसँग धेरै समय रहेनछ । त्यसका लागि हृदयदेखि नै क्षमा माग्दछु । मेरो छोरीलाई पनि बाबाले 'सरी !' भनेको छ भनिदेऊ है ! तिमीसँग धेरै कुरा भए पनि यो म्यासेज बक्समा यति नै भनेर सदाका लागि बिदा हुन्छु  बिदा ! बिदा ! बिदा !'

संसारदेखि हारेको उही तिम्रो मित्र

पिटर !

पुलिसलाई फोन गरेर म पनि उसको डेरातिर दौडिएँ । म पुग्दा उसको डेरालाई वरिपरिबाट पुलिसहरूले घेरेका थिए । घेराभित्र उसका बाआमा र उसकी छोरी मात्र थिए । परिवारको सदस्य नभएकोले मलाई भित्र जान दिएनन् । उसको लाश स्ट्रेचरमा राखेर एम्बुलेन्समा कोचिँदै थियो । सायद हस्पिटल लगेर कानुनी प्रक्रिया पूरा गर्न होला । उसलाई लाँदै गर्दा उसकी छोरी चिच्याएर भन्दै थिई -

'ड्याडी ! कम ब्याक सुन, ओके ! आइ ह्याभ स्कुल टुमरो' त्यो बच्चीलाई के थाहा ! भोलिपल्ट शनिबार थियो ।

आज सोमबारको दिन । पिटरले चिरविश्राम लिएको पनि तीनदिन बितिसकेको छ । आज ऊ हाम्रो अफिसमा छैन । अफिस खल्लो लागेको छ मलाई । सोच्दै छु - यस्ता कति पिटरहरूले यो रोबोटहरूको देशमा दौडिन नसकेर असमयमै चिरविश्राम लिएका होलान् । पिटर त ती धेरै मान्छेहरूमध्येको एउटा उदाहरण मात्र हो ।

आज काम सकेर पिटरको डेरातिर लागेँ । डेरामा ताला लगाएको थियो । उसको छिमेकीले मलाई सुनायो -

'पिटरलाई उसको हजुरबुवाले पन्ध्र लाख डलर बराबरको सम्पत्ति छोडेका रहेछन् । उनको वकिलले आजै मन्जुरिनामा अदालतमा बुझायो रे । उसकी छोरीलाई प्राइभेट स्कुलले पाल्ने-हुर्काउने जिम्मा लिएछ ।'

म एक मनले खुसी हुँदै उसलाई धन्यवाद टक्र्याएँ भने अर्को मनले जीवनदेखि हारेर दुःखद आत्महत्या गरेको कुरा उसकी छोरी क्रिस्टिनालाई अहिलेसम्म भन्न नसकेकोमा मन भारी बनाउँदै आफ्नो बाटो लागेँ ।



# थोत्रो छाता

● **शकुन ज्ञवाली**
उपाध्यक्ष, अनेसास, न्युयोर्क च्याप्टर

आज बर्सौंपछि यो तिमीले
दिएको छाता
निकालेर एकतमास हेरिरहेँ
बाहिर दिनभरि झरी परिरह्यो
मलाई भने यो थोत्रो छाता ओल्टाई-पल्टाई
हेरिरहन मात्रै मन लाग्यो
साँच्चै छाताजस्तो पो कहाँ छ र यो !
करङ सबै भाँचिएको कपडा सबै च्यातिएको
लथालिङ्ग धुलैधुलो
तर पनि धुलो टक्टकाउँदै निकालेँ ।
त्यो दिन यो छातामुनि तिमी र म
भिज्न त नभिजेको कहाँ हो र निथ्रुक्कै !
के ओत दिन्थ्यो र यति सानो छाताले
तर तिमीसँगै त भिज्नुमा पनि कति न्यानोपन !
तिमीले मलाई दिएको पहिलो उपहार
यो छाता घरमा लिएर जाँदा आमाले
'जसको छाता हो, उसैलाई बुझाइदे' भन्दा
हवस् आमा भन्दै लुकाएकी थिएँ
म सुत्ने खाटमुनि जतनले
तिमीले र मैले त्यो झरीमा ओढेपछि
एकपल्ट पनि ओढ्नै मन लागेन यो छाता
म जहाँ-जहाँ बसाइँ सरेँ
मसँगै डुलेको छ यो छाता
तिमीले दिएको भन्नु यति त छ
मसँग चिनो
अरूले पागल ठान्दा हुन् मलाई
'यस्तो थोत्रो छाता जतन गरेर राख्न'
तर मलाई योजस्तो महङ्गो
केही लाग्दैन अरू
मेरो प्यारो थोत्रो छाता ।

## अनेसास च्याप्टर अध्यक्षहरूमा अनुरोध ...

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रीय कार्य समितिको मुखपत्र **अन्तर्दृष्टि (Insight)** को निम्ति पछिल्लो समय भएका सम्बन्धित च्याप्टरहरूको गतिविधि र साहित्यिक समाचार (फोटोसहित) पठाइ सहयोग गर्नुहुन विनम्र अनुरोध गर्दछौं ।

रचना पठाउने इमेल : antardristi.inls@yahoo.com

**अन्तर्दृष्टि प्रकाशन समिति परिवार**

मुक्तक

# तीन मुक्तक



● **तीर्थराज अधिकारी**
ट्रस्टी सदस्य, अनेसास

अङ्गुर टिप्न नसके फ्याउरो भन्छ 'अमिलो छ'
हिलोमा बस्नेले सोच्छ मूलको पानी नै धमिलो छ
उसैले मात्र नजरअन्दाज गर्दैन अरूलाई
जो धीर, सौम्य र आन्तरिक रूपमा गमिलो छ ।

वसुधैव कटुम्बकम् उद्घोषण भएको छ
निर्धा निमुखा जनताको शोषण भएको छ
जुन देशको सरकारमा भावशून्य रहन्छ
त्यहाँ आफन्तको मात्र वित्तपोषण भएको छ ।

देशभर अनगिन्ती नयाँ-नौला साहेब भएका छन्
शासनमा सन्तान दरसन्तान नायब भएका छन्
यो कुन खालको परिवर्तन आएको हो लौ न हजुर ?
पन्छीका प्वाँखहरू अनायास गायब भएका छन् ।

हाइकु

# तीन हाइकु



● **प्रमोद सारंग**
अध्यक्ष, अनेसास, कोरिया च्याप्टर

फूलको गीत
साँझको सुवासमा
मधुर प्रेम ।

म हुँ नेपाली
शिर सगरमाथा
हिमाली छाया ।

बाँझो भूमी म
तिमी सेरोफेरोको
हजारी फूल ।



# म बर्बरिक

● **महेश पौड्याल**
त्रि.वि., काठमाडौँ

म बर्बरिक
हेरिरहेको छु मेरो समयको हाइब्रिड महाभारत !
समुद्र पारिबाट आएको एक मुट्ठी बतासले
मेरा आँखाहरूमा एउटा पट्टी बाँधेर गयो
चेतनाको बलले उक्काएँ पट्टी र फ्याँकें जमिनमा
त्यसमा तिम्रा एक जोडी आँखा थिए
ट्रक चढेर दक्षिणबाट आएको एउटा हुरीले
मेरा ज्ञान सुन्न बनेका कानहरूमा
कपास कोचेर गयो
योगबलले झिकेँ र फ्याँकिदिएँ जमिनमा
त्यसमा तिम्रो श्रवणतन्तु विक्षत थियो
हिमाल चिरेर आएको एउटा स्याँठ
मेरो गलामा बस्यो र थुनिदियो बोली
जसले पातपातमा लेखिहिँड्थ्यो तिम्रो प्रपञ्चको कविता
मैरे ओमकारको आदिनादले खोलिदिएँ कण्ठ
र गाएँ, स्वतन्त्रताको गीत
मैले फेरेर बाहिर फालेको श्वासमा
तिम्रो अवसानको शङ्खध्वनि मिसिएको थियो
संवेदनशील एकजोडी आँखा
तीव्र कान र वाचाल गला लिएर
अचेल म बदनाम समयको नयाँ महाभारत हेरिरहेको छु
र सबैलाई भनिरहेको छु –
आफैँले टेकेको भुइँ खनेर बेच्नेहरूमाथि
चेतनाको ब्रह्मास्त्र प्रहार गर
आज कौरवहरू पनि छली छन्

र पाण्डवहरू पनि छली !
थाह होस्, सबैलाई –
अरूको चेतना थुनेर दिग्विजयी बन्ने कौरवहरू
अस्ताएको घाम तानेर युद्ध जित्ने पाण्डवहरू
हाम्रा विस्फारित आँखाका परेलीमा शरणार्थी बनेर बसेका छन्
हामी आँसु बनाएर बगाइदिन पनि सक्छौँ
हामी निद्रा बनाएर सुताइदिन पनि सक्छौँ
र चाह्यौँ भने
उत्साहका हजार इन्द्रेणी बनाएर सजाइदिन पनि सक्छौँ
आँखामा
कुरा यत्ति हो
उनीहरूलाई बर्बरिक-दृष्टिको कुरा
थाहा होस्
र थाहा होस् –
बर्बरिकहरू दिउँसो पनि आँखा देख्छन्
र राति पनि ।






# सपनाको रूप

● मुक्ति गौतम
टिमिन्स, क्यानडा

सानोमा
हामी हरेक दिन
अनगिन्ती सपनाका डिब्बाहरू भर्थ्यौं
रङ्गीन सपनाका डिब्बाहरू
पठाउँथ्यौं कतै
हामी यही आशामा बसिरहन्थ्यौं
कि एकदिन हाम्रा ती सपनाहरू पूरा भएर
पछ्याउँदै हामीलाई खोज्न आउनेछन्
स-साना थिए सपनाहरू
आफूजस्तै
छोटा
धुलाम्य
उध्रिएका कतै
खिइएका
कच्याककुचुक
तर
गाढा लुगामा कट्कटिएको मयलजस्तै
सफा चिटिक्कका
लुगाजस्तै
सिधा सिउँदोजस्तै
माथि-माथि पुग्ने बेलुन
सिमलको भुवा
पर-पर देखिने क्षितिज
हेरिरहन मन लाग्ने जूनजस्तै
अबेरसम्म पर्खिरहन्थ्यौं फर्किने रहरमा सपनाहरू
रमाइरहन्थ्यौं कल्पनामा पुनर्मिलनको
फर्किएनन् कहिल्यै
या
फर्किंदा हाम्रा सपनाका रूपहरू फेरिए
अहिले भने फेरि पर्खिरहेछु तिनै सपनाहरू
फर्किंदैनन् भन्ने थाहा भएर पनि
जति दूर हुँदै छु तिनीहरूबाट
उति नै प्रिय लाग्दै छन् !

अनेसास दर्पणका लागि लेख-रचना आह्वान
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रीय कार्य समितिको अनलाइन प्रकाशन अनेसास दर्पणको नयाँ अङ्क छिट्टै प्रकाशन हुन गइरहेकाले आफ्ना मौलिक लेख-रचना पठाई सहयोग गर्नुहुन विनम्र अनुरोध गर्दछौं ।
इमेल : darpan.inls@yahoo.com
● जुन कुनै विधाका रचनाहरू पठाउन सक्नु हुनेछ ।
● सम्पादक मण्डलको निर्णय नै अन्तिम हुनेछ ।
● रचना सम्प्रेषण गर्दा नाम, ठेगाना, फोटो र इमेल अनिवार्य खुलाउनु पर्नेछ ।
अनेसास दर्पण प्रकाशन समिति



## गजल

● **मनोज मनसुन**
संरक्षक, अनेसास, कुबेत च्याप्टर

समयको ख्याल गर्ने वश नदी हुन्छ,
तुलोमाथि, समय जोख्नुस् कति हुन्छ।

बिनादोस्ती सगर चुम्ने सफरमा छु,
मलाई यो मेरै छाया सखी हुन्छ ।

कसैले जिन्दगी पार्छन् छुरीजस्तो,
कसैको जिन्दगानी पाखुरी हुन्छ ।

अघिल्लो पेजमा पढ्नुस् म कायर हो ?
कहाँ सबको समय हरदम सही हुन्छ।

निरन्तर गोरेटो काट्ने कसम खान्छु,
असम्भव के ? निशामा नि शशी हुन्छ।



## गजल

● **निखिल उदास**
क्वालालम्पुर, मलेसिया

कोही पीर-चिन्ताले रातमा, उठेको उठ्यै हुन्छन् विदेशमा,
सँगै सुतेको साथी बिहान, सुतेको सुतेयै हुन्छन् विदेशमा।

कतिको कम्पनी राम्रै पर्छ, राम्रै कमाइ हुन्छ पनि,
कतिलाई त साहूले नै, कुटेको कुटेयै हुन्छन् विदेशमा ।

गल्ती गरेर सजायँ भोग्छन्, कति त निर्दोष भएरै पनि,
बिनागल्ती कुनै साथी, छुटेको छुटेयै हुन्छन् विदेशमा ।

कामअनुसारको दाम अनि, सेवासुविधा पनि नमिल्दा,
कति कामदार बिनाकमाइ, लुटेको लुटेयै हुन्छन् विदेशमा।

घरको तनाव एकातिर, अर्कोतिर ऋणको भारी बोक्दा,
कमजोर भई हृदय दिनहुँ, फुटेको फुटेयै हुन्छन् विदेशमा।

# सपना निर्माण



● दीपा राई पुन
बोस्टन अमेरिका

तिम्रो सपनाको कित्तामा
आत्मा ज्योति बलोस् साँझ-बिहान
प्रेमिल आस्थाको विश्वास
सार्थक रूपमा फुलोस्
मनको कामनाको बिस्कुन
ढुकढुकीले लेखेको अक्षर
तिम्रै नाममा खामबन्दी छ
जीवन बग्ने नागबेली किनारमा
मेरो पनि रहरको एउटा मूल छ
त्यो पनि तिम्रैतिर बगिरहेछ ।

तिम्रो सपनामा खुसीको वर्षात् हुँदा
म पनि रुझ्न सकूँ हर्षको आभासले
तिम्रो अनुभूतिहरूमा रमाइरहूँ
अभिन्न बनेर हृदयमा प्रज्वलित हौँ
म जिउने श्वास भरूँ
तिम्रो सामीप्यताको प्राप्तिले
जीवनको इन्द्रेणी सबै भेटूँ ।

समयको निर्दोष तिम्रो अनुहारमा
मेरो सपना ब्युँतेको देख्छु
अर्धमृत सपनाहरू
जुलुस गर्छन् बाँच्ने चाहमा
शिखरमा पुग्नु छ भन्छन्
आँखाहरू छचल्किन्छ त्यो बेला
तिम्रो सपना आँसुले नझारोस् भनी
म एक घुट्कामा सागर पिउँछु
तिम्रै मायाले या आफ्नै मायाले ।

माटो र राष्ट्रिय मोहले
परिस्थितिको तारे भीरमा
उकालै चढाउँछ तिमीलाई
लगन र परिश्रमको बुकी फूल
मगमगाउँछ तिम्रो बोलीमा
म देउरालीमा आँसुको फूलपाती चढाएर
समयको चाप र विवशताको रापमा
पिल्सिएर हिँडेको मेरा पदचापहरू
ढोगेर शान्त हुँदै
पाइतला तिमीलाई सुम्पिदिन्छु ।

पुरातन विचारको जर्जर मनस्थिति
उखालेर फ्याँक्नलाई
मेरो हातहरू लैजाऊ

तिमीलाई मन पर्ने मुस्कान
तिम्रै पसिनाको ताज महल
हेरिरहने यी आँखा
बतासजस्तो पछ्याइरहने
दुःख र कष्टहरू
छेल्नलाई काम लाग्ने मेरो छाती
सुम्पन्छु सबै तिमीलाई निःशब्द ।

पहाड र पहराजस्तो
सिमेन्टको जङ्गलमा
पदार्थ बनेको भावनाहरूलाई
आठौं आश्चर्य हुनुअगावै
मेरो सुकोमल मन
तिम्रै मुटुको दलिनमा राख
तिमीसितै म बाँच्न चाहन्छु
तिम्रै प्रतिरूप भएर ।

तिम्रो सपनाको साकार धरातलमा
म जीवनको स्वःनिर्माण प्राप्त गर्छु ।

मुक्तक



# तीन मुक्तकहरू

● वाई.बी. गुरुङ
अध्यक्ष, अनेसास, पोर्चुगल च्याप्टर

घाइते बाघसरह भा'को छु, तिमीले साथ छोडेपछि
मरेतुल्य भा'को छु, तिमीले मुटुको नसा गोडेपछि
पागलप्रेमीहरू मात्र भन्थे, आज आफै भोग्दै छु यो सब
मायाप्रेमको के अर्थ रह्यो र ? सम्बन्धका सबै बार तोडेपछि ।

कस्तो वाचा गरे'थ्यो तिम्ले सकेनौ आफै पूरा गर्न
मुटु नै छिया-छिया हुने गरी अब नघोप भो छुरा
तिमी जहाँ छौ ठिकै छौ र म पनि उस्तै नै छु
भैगो अब भुलिदिऊँ सबै हाम्रा विगतका कुरा ।

म छु जस्तो लाग्छ तिम्रो मायामा घेरिँदा
म छैन जस्तो लाग्छ तिम्रो अँगालोमा बेरिँदा
सागरजस्तो अथाह प्रेम, झरनाजस्तो चोखो माया
मलाई गर्व हुनेछ तिम्रै मायाको घरमा सेरिँदा ।

# केही हाइकु

● **प्रकाश पौडेल 'माइला'**
वरिष्ठ उपाध्यक्ष, अनेसास, केन्द्रीय कार्य समिति



१. सालको पात
जङ्गलको यात्रामा
बाघ गर्जियो ।

२. मनको थैलो
बलौटे उकालोमा
पोखिन खोज्छ ।

३. साथ पाएर
पालुवा लुछ्न खोज्ने
बैंसालु मन ।

४. कुनौरो उड्यो
आँगन रङ्गिदियो
बादल फाट्यो ।

५. उधारो माया
चौतारीमा घैंटो
मन चिसियो ।

६. सोह्र शृङ्गार
स्वर्गको प्रतिनिधि
पिँढीको बास ।



# चिट्ठी



● सुरेन उप्रेती
अटवा, क्यानडा

बाहिरको ढोका खुलेको आवाज आएपछि कार्लोसले आँखा छड्के पारेर ढोकातिर हेऱ्यो। आलेक्सजेन्डर पसलभित्र पस्दै थियो। कार्लोसका हजुरबाका पालादेखि पारिवारिक बिजनेसका रूपमा बेकरी पसल चल्दै आएको छ। यो कार्लोसका हजुरबाले खोलेको रे। कार्लोसका बाले पनि यसैमा जीवनभरि काम गरे। कार्लोसलाई अझै पनि मधुरो सम्झना छ। उसको बाबु मार्कोसको औँला समाउँदै पसलमा आउने गर्दथ्यो। त्यसताका कार्लोसकी आमा मारियाले बेक गर्थिन्। दिदी एन्ड्रिया आमालाई सघाउँथिन्। आमालाई सघाउँदै बाहिर पसलमा पनि काम गर्थिन्। अर्डर लिने र अर्डरअनुसारको तयार भएपछि ग्राहकलाई सामान दिन्थिन्। उसका बुबा मार्कोसचाहिँ बेकरीलाई चाहिने चिनी, नुन, पिठो, यिस्ट, अण्डा आदि ल्याउँथे। खास भन्ने हो भने व्यवस्थापन पक्ष हेर्ने काम मार्कोसको थियो। अर्डर लिने र डेलिभरी गरिदिने काम पनि मार्कोस नै गर्दथे।

सहरमा पहिलो बेकरी सप भनेको यही थियो। ब्रेड, मफिन, जिन्जरब्रेड र चक्लेट, चिप्स, कुकिज आदि यहाँका प्रमुख आकर्षण थिए। यी परिकारले सहरमा निकै राम्रो छाप छोडेको थियो। बनाना ब्रेड, रेजिनब्रेड, बेगलर मफिनको माग निकै बढी हुन्थ्यो। बर्थ डे केकका लागि टाढा-टाढादेखिका मानिसहरू आउने गर्दथे। कहिलेकाहीँ त बेकरी किन्ने मानिसको लामो लाइन नै लाग्ने गर्दथ्यो। यो बेकरी स्टोरको प्रचारप्रसारका लागि कुनै विज्ञापनको व्यवस्था थिएन। बेकरीको प्रचारप्रसार माउथ टु माउथ भनेझैँ एककान, दुईकान, मैदान भएर फैलिएको थियो। टाढा-टाढादेखिका मानिसहरू बेकरीमा झुम्मिने गर्थे। क्रिसमसका समयमा त खुट्टा राख्ने ठाउँ पाउन पनि मुस्किल हुन्थ्यो। क्यासमा काम गर्ने मानिस नै दुईजना हुन्थे। सिजनल कामदारहरू थप्नुपर्थ्यो। बेक गर्ने र तयारी गर्ने पनि तीन/चारजना मानिस थप्नुपर्दथ्यो। त्यति गर्दा पनि भ्याइ-नभ्याइ हुन्थ्यो।

यहाँ आउने ग्राहकहरूमा युरोपियन मूलका मानिसको नै बाहुल्यता थियो।

स्कटल्यान्ड, आयरल्यान्ड, इटली, लन्डन, फ्रान्स, जर्मनी, पूर्व सोभियतसङ्घ आदि देशका मानिसहरू बढी आउँथे। नर्थ अमेरिका, अफ्रिका, एसिया र क्यारेबियन मूलका मानिसहरू पनि फाट्टफुट्ट ग्राहकका लाइनमा देखिन्थे।

कार्लोसका हजुरबा भने पोर्चुगलबाट आएका रे। यहाँ आउँदा कार्लोसका बुबा मार्कोस नै पाँच/सातवर्षका थिए रे। मार्कोसका बुबाआमाले पोर्चुगलमा हुँदै बेकरी बनाउन सिकेका थिए रे। जानेको काम भएको हुनाले बेकरी सुरु गरेछन्। खासमा बेकरी पसललाई भाषा पनि नचाहिने हुनाले यो बेकरी खोलेको रे। पुराना पुस्ताका मान्छेहरूले त यो बेकरीलाई 'टेस्ट अफ दि टाउन' भन्ने गर्दथे। यो बेकरीले मानिसहरूलाई मोहनी नै लगाएको थियो। यो सहरका प्रायः मानिसहरू कुनै न कुनै आइटम किन्न यस बेकरीमा आइपुगेका हुन्थे। यहाँको मुख्य बेकर आलेक्सजेन्डर थियो। ऊ आफूलाई आलेक्स भनेर बोलाउनु भन्दथ्यो। आफ्नो परिचय दिँदा पनि ऊ आलेक्स नै भनेर चिनिन्थ्यो। आलेक्सको कामचाहिँ बेकरीका लागि आवश्यक पर्ने पिठो मुछ्ने, पिठोमा आवश्यक पर्ने अण्डा, नुन, चिनी, यिस्टको मात्रा मिलाउनेदेखि विभिन्न स्वाद, आकार र प्रकारका केक, ब्रेड र मिठाइहरू बनाउने थियो। यी सबै काम आलेक्सले कार्लोसका बाबु मार्कोससँग काम गर्दागर्दै सिकेको थियो।

आलेक्सले यस बेकरीमा काम गरेको पनि दुई दशक नाघिसकेको थियो। उसले काम गर्न थाल्दा एन्ड्रिया बाह्र वर्ष जतिकी र कार्लोस झण्डै छ वर्षजतिको मात्र थियो। अहिले एन्ड्रियाको छोरो नै दस वर्षको भयो। समय गएको पत्तै नहुने। आलेक्सलाई कार्लोस र मारिया अझै सानै छन् जस्तो लाग्छ। ती हिजोका चल्लाहरूले उसलाई काम भएन। काम छिटो गर भन्दा साह्रै दिक्क लाग्छ। त्यतिखेर काम चटक्कै छोडेर हिँडौं-हिँडौं जस्तो हुन्छ। मेसिनमा पिठो मुछ्नका लागि तयार गर्दै गरेको पिठोमा हेर्दै एक्लै भुत्भुताउँछ। 'आज काम त सकिन दे ! साँझ गएर (६४९) सिक्स फोर्टी नाइनको चिट्ठा काट्छु। त्यसपछि तेरोमा काम गर्ने शुक्रबारसम्म मात्रै त हो। तेरामा मजस्तो मरी-मरी कसले काम गर्दोरहेछ हेरौँ न त।' आँखा उठाएर कार्लोसतर्फ तेर्स्यायो। कार्लोस कम्प्युटरमा के-के गरिरहेको थियो। आलेक्स साँझमा काम सकेर बेकरी सपबाट निस्कियो। सोझै चिट्ठा काट्ने ठाउँमा गयो। चार डलरमा एड्करसहितको एउटा चिट्ठा काट्यो। 'अब पख, पाँच दिन त हो, त्यसपछि तेरो बेकरीलाई फर्केर पनि हेर्दिनँ।' कार्लोससँग रिसले मुर्मुरिँदै आलेक्सले माथिल्लोपट्टिको दाँतले तल्लो ओठलाई टोक्यो।

अर्को दिन बिहान उठेर फेरि गह्रङ्गो पाइला चाल्दै कामका लागि निस्किन्छ।

ऊ चिट्ठा खुल्ने दिन गन्दै 'अब चार दिन बाँकी छ, अब तीन दिन, दुई दिन बाँकी' गन्दै शनिबारको दिन पर्खन्छ। शनिबार चिट्ठा बेच्ने ठाउँमा पुग्छ र चिट्ठा परेन/परेको जाँच गर्न दिन्छ। चिट्ठा परेको धुन नै मज्जा। विनर ग्याङगे भनेर म्युजिक बज्छ। कहिले-कहिले उसको टिकटमा पनि यस्तो धुन बजेको छ।। कहिले सित्तैमा एउटा टिकट पर्छ। कहिले दस डलर, बीस डलर मात्र पर्छ। उसलाई सय डलरभन्दा माथिको चिट्ठा कहिलै परेको छैन।

आइतबार साँझमा चिट्ठा काटिसेकेपछि सँगैको (LCBO) एलसिबियोमा पस्छ। यो प्रायःजसो सबै देशका वाइन, बियर र ह्विस्कीहरू पाइने स्टोर हो। उसको मन पर्ने एक दर्जन मोल्सन बियर र एउटा ह्विस्कीको बोतललाई टिप्छ। ग्रान्डस् स्कच ह्विस्की उसको मनपर्ने ब्रान्ड भएको छ। काउन्टरमा गएर एकसट्ठी डलर बुझाएर कागजको झोलामा ड्रिङक्स लिएर निस्कन्छ। नजिकैको ग्रोसरी स्टोरमा गएर एक लोफ ब्रेड, एक प्याकेट चिप्स र एउटा रोस्टेड चिकेन लिएर अपार्टमेन्टतिर लाग्छ।

उसलाई यो बियर र ह्विस्कीले आउने शनिबारसम्म पुऱ्याउनु छ। 'शनिबार चिट्ठा परेपछि त यस्ता बियर र ह्विस्की कति खान्छस्' आलेक्स भन्छ। चिकेनको एउटा साँप्रो र केही चिप्सलाई प्लेटमा राख्छ। 'तेरोमा काम गर्नु अब पाँच दिन त हो मार्कोस। त्यसपछि तेरै बेकरी किनेर म मालिक, तँ कामदार बन्ने दिन आउँछ बुझिस् !' भन्छ र 'हा हा हा' गरेर हाँस्छ। क्यानको मोल्सन बियर खोल्छ र पिउन थाल्छ। दुईवटा बियर पिएपछि ह्विस्की खोल्यो। फ्रिजरबाट आइसक्युबहरू निकालेर ग्लासमा राख्यो। ह्विस्कीलाई बिस्तारै ग्लासमा खन्यायो। ग्लासमा ह्विस्की धेरै पर्छ कि झैँ गरेर ग्लासलाई माथि उठाउँदै हेऱ्यो। करिब डेड इन्चजति ह्विस्की ग्लासमा देखियो। अब यो बोतललाई नजिक राख्यो भने फेरि थप्न मन लाग्छ भन्दै बोतललाई दराजभित्र राखेर पिउन सुरु गऱ्यो। 'आउने शनिबार त चिट्ठा पनि परिसकेको हुनेछ। म अबदेखि तेरोमा काम गर्न आउँदिनँ भनेर शनिबार साँझमै फोन गरेर मार्कोसलाई भन्दिन्छु। आइतबार बेकरीमा गएर तेरो पसल बेच्ने कुरा थियो। कतिमा बेच्छस् भनेर मार्कोसलाई भन्छु। तेरा आमा र दिदी पनि काम गर्छन् भने काम दिउँला भन्छु' मनमनै सोच्दै फिस्स हाँस्यो।

ऊ स्कटल्यान्डमा जन्मिएको हो। ऊ स्कटल्यान्डबाट आउँदा तीन वर्षको थियो रे। ऊ सानो हुँदा उसका बाबुआमाले थुप्रै स्कटिस संस्कृतिका बारेमा सुनाएका थिए। हलोइन पर्व मनाउने, केल्टिक म्युजिक, ट्याप डान्सजस्ता अनेक संस्कृतिको

बारेमा बाआमाबाट सुनेको थियो । उसलाई पनि ट्राटनको स्कट लगाएर ब्यागपाइप बजाउँदै सडकमा परेड खेल्न रहर लागेको थियो। उसका बाले उसलाई पनि ट्राटनको स्कट र ब्यागपाइप ल्याइदिएका थिए। ब्यागपाइप बजाउन अभ्यास गरेको अझै पनि याद छ। तर त्यो ब्यागपाइप बजाउन सिक्ने क्रमले लामो समयसम्म निरन्तरता पाउन सकेन। घरको ठूलो छोरो भएपछि जिम्मेवारी पनि धेरै भयो। फुटबल, रग्बी, हकी, गल्फ, टेनिसजस्ता अन्तर्राष्ट्रिय स्तरका गेमहरूको सुरुवात पनि स्कटल्यान्डबाट नै सुरु भएको हो रे उसका बाबाले भन्थे। तर ती कुनै खेलले पनि उसलाई तान्न सकेनन्।

इमिग्रेन्ट बाबु आमाको पहिलो सन्तान हुनाले पनि उसले धेरै अवसरहरूबाट वञ्चित हुनुपर्‍यो । सानैदेखि भाइबहिनीको बेबी सिटर भएर बाल्यकालको स्वर्णीम समय बित्यो। क्यानडाको वेदर र वर्कको कुनै भरोसा हुँदैन भन्छन्। कतिखेर हिउँ पर्ने र घाम लाग्ने थाहा हुँदैन। त्यस्तै कामको पनि कुनै भरोसा छैन। आज छ, भोलि छैन। उसका बाबुआमाको काम पनि परिवर्तन भैरहन्थ्यो। कामको परिवर्तनसँगै पायक पर्ने ठाउँमा अपार्टमेन्ट पनि सरिरहनुपर्ने बाध्यता थियो । बस्ने ठाउँ सरेपछि स्कुल पनि सर्नुपर्ने नै भयो । यसैले कुनै पनि स्कुलमा दुईवर्षभन्दा बढी समय बिताएको उसलाई सम्झना छैन। त्यही भएर होला उसँग मिल्ने साथीहरू पनि खासै छैनन्। यसो 'हेलो-हाइ' का मात्र साथीहरू भए ।

कक्षा नौमा पढ्दै गर्दा समर जबका रूपमा यही बेकरीमा उसको पहिलो काम सुरु गरेको थियो। त्यसताका हातले नै बेकरीको पिठो मुछेर डोहरू बनाउनुपर्दथ्यो। धेरै शारीरिक परिश्रम पर्ने भएकाले काम गर्ने मानिसहरू दीर्घकाल टिक्न सक्दैन थिए। सानैदेखि काम गरेको हट्टाकट्टा भएको हुनाले आलेक्सजेन्डरलाई काममा खासै कठिन भएन। नियमित काम हुने भएकाले बाबुआमाले पनि पढाइतिर भन्दा बेकरीतिर नै ध्यान दिन लगाए। आखिर पढेर पनि काम गर्ने हो। यसलाई नै निरन्तरता दिने सल्लाह दिए। उसले योभन्दा अरू काम पनि जानेको छैन । उसका बाआमा हुनुहोउन्जेल त केल्टिक नृत्य, ट्याप नृत्य ब्यागपाइप परेड आदिमा कहिलेकाहीँ जाने गरेको थियो। अहिले त उसलाई स्कटल्यान्डका बारेमा कसैले सोधे भने केही थाहा छैन । उसले मातृभूमिलाई सम्झने भनेको यही स्कच पिउँदा मात्र हो। यो ग्रान्डस् स्कच पिएर भए पनि मातृभूमिप्रति सम्मान गरेझैँ लाग्दछ उसलाई।

उसलाई आफूले पढ्न नपाएकोमा पनि गुनासो छैन। उसले आफू बेकरीमै काम गरेर भए पनि छोरो एड र छोरी बोनीलाई राम्रै पढायो। भनौँ, पढ्ने राम्रो

अवसर जुटायो । उसका बाआमाले पनि छोराछोरी पढाउन धेरै सहयोग गरेका थिए । अहिले एड मेडिकल डाक्टर छ । छोरी बोनी रिसर्च सेन्टरकी वैज्ञानिक छ । तर उनीहरूलाई आलेक्स आफूभन्दा दुःखी देख्छ । आफूलाई काम पर्दा काममा जान सकिन भन्न पनि पाउँदैनन् । छोराले त राम्रोसँग सुत्न पनि पाउँदैन । कतिखेर कुन अस्पतालबाट फोन आउने हो ? त्राहिमाम भएर उसको दिन बित्ने गर्दछ । कहिले आधा खाएको खाना छोडेर हिँड्दछ । कहिले परिवारसँग रमाएर कुरा गरिराखेको बेला फोन हेर्दै जानुपर्छ भन्दै हिँड्छ । छोरी पनि ल्याबमा के-के गर्छे रे ! कहिले त राति भएको पनि थाहा नपाई काम गर्छे । कहिले सरकारले सबै बजेट काट्छ र वैज्ञानिकहरू बेरोजगार हुन्छन् । सानोतिनो काम गरेर बसौँ न त भन्दा पनि वैज्ञानिक भन्छन् । आखिर उनीहरूलाई त्यति धेरै पढेर पनि पब्लिक सर्भेन्ट भन्छन् । जनताले कर तिरेको पैसाले जागिर खाएको भएर जनताका नोकर भनेको होला । बरु मेरो मालिक त कार्लोस मात्रै छ । मन लागेन भने १५ दिन काममा जान्नँ । बजेट काटिएला र जागिर सकिएला भन्ने पनि छैन । त्यत्रो पढेका छोराछोरीभन्दा त हाइस्कुल मात्र पढेको कार्लोसलाई नै आनन्द छ । कहिले दुई महिना पोर्चुगल गएर बस्छ । ठाउँ-ठाउँमा घरजग्गा किनेको छ । अरूलाई जागिर दिएको छ । कहिले जागिर सकिएला, कहिले सरुवा होला ! जस्ता चिन्तामा जल्नुपर्दैन । जति पढे पनि अरूको सहारामा बाँच्नुपर्ने जिन्दगी भन्दै फेरि एक घुट्को ह्विस्की चढाउँछ । छोराछोरी पढाएँ भनेर आफूलाई पनि कति खुसी लाग्थ्यो । आखिर मैले त सरकारलाई कामदार पो उत्पादन गरिदिएछु । मालिक बन्न सिकाइनछु । पढाएर नोकर पो बन्न सिकाएछु भन्दै कुखुराको साप्रो टोक्छ र  हा हा हा गरेर हाँस्छ । 'पख्, मेरो चिट्ठा पर्न मात्र त दे । म दुबै छोराछोरीलाई मालिक बनाउँछु ।' ऊ सरकारसँग पनि रिसाउँछ । 'चिट्ठाचैँ परोस् न ! छोराछोरीलाई अरूलाई काम लगाउने र रेखदेख गर्ने मालिक बनाउँछु ।'

हरेक शनिबार फूर्तिसाथ धेरै-धेरै सपनाहरू लिएर लट्रीको टिकट जाँच्ने ठाउँमा पुग्छ । कहिले क्रुजमा हवाइ, बहमास पुग्दछ । कहिले ऊ जन्मिएको स्कटल्यान्ड र अरू युरोपियन देशहरू घुम्दछ । कहिले ब्रह्माण्डकै अग्लो ठाउँ सगरमाथा छुन पुग्छ । हरेकदिन कामको अन्तिम दिन गन्दै कामबाट फर्कन्छ र चिट्ठाको नम्बर पढ्छ । शुक्रबारसम्ममा पूरै नम्बर आउँदो भै सक्छ । बर्सौं भइसक्यो यो क्रम चलेको । अझै पनि टिकट जाँच्ने मेसिनले उसको नम्बर पढेर लामो विजय धुन बजाएको छैन । सायद कार्लोसका दिनहरू बलिया भएर होला । आलेक्सलाई चिट्ठा परेको छैन । ऊ निरन्तर चिट्ठा काटिरहेको छ ।



# ती औँलाहरू

● **भवानी नेपाल**
दुबई, युएई

यसबखत ती मेरा औँलाहरूका बारे
गम्भीर सोँचमा डुबेको छु
मेरा ती अवोध, मनोहर औँलाहरू
जसले बाबाको कान्छी औँला समाएर
बाल संसारको यात्रा गर्ने गर्दथ्यो
आमाको पछ्यौरीको पछि-पछि लागेर
मेलापात घुम्न आतुर हुने गर्दथ्यो
हो तिनै औँलाहरू
आज कहाँ गए होलान् ?
साथीसँगीसँगै मिलेर बालुवाकै सही
महल बनाउने ती औँलाहरू
डण्डीबियो र काँचका ढुङ्गाहरूलाई
मित्रता कपको खेलमा
विजय हासिल गराउने ती औँलाहरू
खै, आज कता गए होलान् ?
उमेरसँगैको परिवर्तित औँलाहरू
जसले रूखको बोक्रा तासेर
प्रेमिकाको नाम खोपेर
खुसी हुने गर्दथ्यो
अविरल वायुमा उडी टाढा-टाढा पुग्न प्रयासरत
उनका ती कपाल सुम्सुम्याउने औँलाहरू
आज कता विलीन भएर गए होला ?
'उडी छुने चन्द्र एक' उद्देश्यले बेला-बेला
भविष्यको प्रगतिपथ खोज्दै
पुस्तकका ती पत्रहरू पल्टाउने औँलाहरू
कहाँ, कता गए होलान् आज ?
दौँतरी र बटुवाहरूलाई
पथ प्रदर्शन गर्ने औँलाहरू
सामाजिक स्वार्थभन्दा माथि उठेर
हर कोहीलाई प्रणाम गर्ने ती औँलाहरू
खै, आज कता गए होलान् ?
यौवनले भरिपूर्ण
त्यो बेलाको जोवनमा
कुविचारले
कुदृष्टि लगाएर
कुनै नारीको
कुमारीत्वमाथि
'कु' गर्न सल्बलाउने
ती पापी तर निर्दोष औँलाहरू
खै, आज कहाँ गए होलान् ?
आज मसँग भएका यी औँलाहरू त बस् ...
बाबाले बाल्यकालमा ठूलो 'क' लेख्न सिकाउनु भए तापनि
त्यही 'क' बाट निर्मित
करोडपति बन्ने होडबाजीमा जुटिरहेका छन्
आमाको पछ्यौरीको पछि-पछि लाग्ने ती औँलाहरू

आज आमाभन्दा
कयौँ कोस पर ...
परदेशमा
परिवेश नमिलेर
पछुताइरहेका छन्
साथीसँगीसँगै बालुवाको महल बनाउने औँलाहरू
सपनामा कङ्क्रिटको महल बनाउने देखे पनि
समस्या र बाध्यताको ईंट-पत्थरले
भारी भएर थिचिएका छन्
सपना मैले र औँलाहरूले, जे-जे देखे पनि

आज यस कुरामा खुसी छु कि
जानी-नजानी भावनाहरूलाई लत्पत्याएर लेख्न
मलाई मेरा यी औँलाहरूले साथ दिएका छन्
तथापि
म बेला-बेला सोच्ने गर्दछु
मेरा ती अवोध ... मनोहर औँलाहरू
आज कहाँ गए होलान् ?
मेरा ती अवोध ... मनोहर
औँलाहरू
आज कहाँ गए होलान् ?



# उद्घोष



● विमन किराँती
गुन्माकेन, जापान

कविताको नाममा
ओ कविता रानी
यहीँ उभिएर म
प्रत्येक कविको हातमा
हरियो पता चढाउन चाहन्छु
ताकि
हरदिन
तिम्रो जन्मसँगै
एक जोडा वरपीपल रोपूँ
इतिहासको उजाड चौतारीको थाप्लामा ।

भव्य सुन्दर मोहक
काव्यिक बनाउने सुरमा
तिमीलाई रुवाउनु रुवाए नि कविले
जस्तो कि, किन यति धेरै आँसु लेखिरहेछन् कवि !
जस्तो कि, किन यति धेरै आक्रोश घोटिरहेछन् कवि !
जस्तो कि, किन यति धेरै अँध्यारो आह्वान गरिरहेछन् कवि !
यतै रोकेर सोध्नु छ
किन यति धेरै घृणादेखिरहेछन् कवि !

परिस्थितिको हिलोमा हेलिए पनि
हरियोका आयामहरू देख्न मनपराउनु हो
कविताको धर्म !
रङहरूको गन्जागोलबीच गुज्रेरै भए पनि
हरियोसँग मित लाउन मनपराउनु हो
कविताको मर्म

तिमी घाटहरूको विरोधी हौ
तिमी विडम्बनाको अन्त्य चाहन्छौ
तर
किन शून्यताको पखेटामा
सजाइरहेछन् तिमीलाई कवि
तिमी औँसीको चाँदनी हौ
चेतनाको आकाशमा
जिन्दगी देख्ने तिम्रो आँखाहरूमा
पर्दा नहालून् कविहरू
यो बेला
अँध्यारा र आक्रोशको स्टन्ट बाजीबीच
छाडेर अलपत्र बेनाम आग्रहहरू
मलाई
निराशाले निराकार लगाम तानिरहेको यो उषामा
तिम्रो अदाउपर
हरियो चुम्बनहरूको हस्ताक्षर गर्न
मञ्जुरी चहियो प्रिय !
ओ
कविता रानी
काव्यिक सलाम
सधैँ-सधैँ तिमीलाई !
किन कविहरू काव्यिकताको पहाड उक्लन छाडेर
विचारको बन्जीजम्प हानिरहेछन् हँ !
ओ कविता रानी
आऊ
पुनः उद्घोष गरौँ
यहीँबाट उता
हामी हरियो सौन्दर्यको फूलबारी रोप्नेछौँ
जिन्दगीको ढाडभरि !



# गजल


● **राजेश तुफान कार्की**
महासचिव, अनेसास, डेनमार्क च्याप्टर


हेर्नुहोस् म कुनै गालिब मिर होइन,
यो मेरो भनाइ हो, कुनै तीर होइन ।

मूर्खहरूले कहिल्यै झुकाउँदैनन् टाउको,
नझुक्ने खप्पर हो ! त्यो शिर होइन ।

मान्छेले मान्छे खाए हेर अनिकालमा !
तिम्रो हाम्रो दुःख ठूलो पीर होइन ।

जे देख्छु, लेख्छु दिल खोलेर आजै,
गजल हो मेरो,कुनै जागिर होइन ।

टेक जुत्ता नखोली टेक मेरो छाती,
लाग्दैन पाप यो छाती मन्दिर होइन ।

उनकै मुहार छ दिलमा बसौंदेखि,
आमा हुन् मेरी प्रियाको तस्बिर होइन ।



# गजल


● **स्पन्दन विनोद**
महासचिव, अनेसास, पोर्चुगल च्याप्टर


कसेर हात हातमा, छरे हुँदैन के यहाँ
हुँदैन प्यार भन्दछ्यौ, गरे हुँदैन के यहाँ ।

हरेक सास आतमा, फुकेर घामको नशा
म तान्छु मुस्ल मातको, मरे हुँदैन के यहाँ ।

सधैं बनोस् त मातकै, जलेर राख बन्नु छ
उतार्छु राग भोकको, परे हुँदैन के यहाँ ।

गुजार चल्छ भन्दै, हुँदैन यो जहाँतहाँ
अभाव खड्कियो भने, भरे हुँदैन के यहाँ ।

भयो पवित्र अङ्ग नै, जले पवित्र अङ्ग नै
ढलेर अङ्ग पासमा, सरे हुँदैन के यहाँ ।

# थोपा



● सुशील नेपाल
न्यु ह्याम्पसायर, अमेरिका

तप-तप झर्छु आँखाबाट
टपलक्क एकथोपा आँसु भएर
तप-तप चुहिन्छु निधारबाट
टपलक्क एकथोपा पसिना भएर
तप-तप झर्छु अधरमा
टपलक्क एक थोपा पानी भएर
एकथोपा मधु भएर
बग्छु यताबाट उता
उताबाट यता
झर्छु भुइँमा
तप-तप
एकथोपा आशाको
एकथोपा विश्वासको
एकथोपा प्राण
एकथोपा श्वास
एकथोपा जिन्दगी
उदाउने अस्ताउने जस्तै
बिलाउने कतै म
एउटा थोपा
चुपचाप
तप-तप !



# घर फोर्नू कुखुरा नचोर्नू



● अर्जुनराज पन्त
टेक्सास, अमेरिका

पुसे ठण्डीमा चिया पिउँदै समाचार हेर्दै थिएँ, एक्कासी करेसाबाट बच्चा रोएको आवाज आयो । के पो हो त भन्दै हेरेँ - आफ्नै सातबर्से छोरी सुन्तलाको रूखको टुप्पोबाट 'ओराल्दिनूस्-ओराल्दिनूस्' भन्दै कराउँदै थिई । एकातिर त्यति चाखलाग्दो समाचार छुटेको झोँक, अर्कोतर्फ अस्ति मात्र कासोको उपचार गरेर ल्याएकी छोरी यस्तो ठन्डीमा एकाबिहानै सुन्तलाको रूखमा देख्दा रूखैसहित हल्लाएर तल खसाल्दिऊँ जस्तो झोँक नचलेको त कहाँ हो र ? बुढेसकालमा जन्मेकी एक्ली सन्तान, त्यो गर्ने हिम्मत त कहाँबाट आओस् ! उल्टै आफ्नै बाल्यकालमा टोलछिमेकमा घटेको घटनाको पो याद आयो । सायद टि.भी.मा देखेको समाचारले हो कि वा रूखमा चढ्न सक्ने ओर्लन नसक्ने घटनाले हो, त्यो धेरै वर्ष पहिलेको घटना सम्झेँ ।

गाउँको पल्लोछेउमा एकजना बूढीआमा एक्लै बस्नुहुन्थ्यो । वास्तविक नाम त के थियो कुन्नि ! सबैले सुन्तली बजै भन्थे । पेट पाल्नलाई अलिकति खेतीपाती थियो । नुनतेल खान र हरको धजो फेर्न आफ्नै घरका सुन्तला बिक्री गर्नुहुन्थ्यो, कहिले चौपारीमा बेच्नुहुन्थ्यो त कहिले एकादशी मेलामा । त्यो साल सायद ठूली एकादशी कुरेर बस्नु भएको थियो कि क्या हो, रूखभरि सुन्तला लटरम्मै थिए, रातमा पनि कसैले चोर्लान् कि भनेर रूखमा डोरी बाँधेर टिन झुण्ड्याएर पिँढीमा सुत्नुहुन्थ्यो । सुन्तली बजैका घर नजिकै एकजना फटाहा मतिका धूर्त बूढा बस्थे, पैसा लिएर जस्ताको नि विवाह गराउने काम गर्ने भएकोले सबैले लमी बाजे भन्थे । मर्दा-पर्दाका छिमेकी हुन् भन्दै बजैले बेला-बेलामा सुन्तला खान नदिएकी पनि हैनन् तर एकदिन बाजे सुन्तलाको रूखमा खादीभरि सुन्तला चोर्दै गरेको अवस्थामा पक्रिए । सुन्तली बजैले हारगुहार गरिन् । एकैछिनमा छरछिमेकी सबै जम्मा भए । सुन्तलाले भरिएको खादी काँडामा अल्झेर बूढा भाग्न पाएनन् । रूखमुनि गाउँलेको ठूलो भीड देखेपछि बूढाले लौ मलाई केले ल्यायो यो रूखमा ? म कहाँ छु ? लौन मलाई छिटो ओराल भन्दै रूखबाट कोलाहल

मच्चाउँदै दुवै हात छोडेर एकोहोरो  कराउन थाले। कसैलाई सोध्ने र गाली गर्ने फुर्सद नै दिएनन्। कता बुटामुनिको ढुङ्गामा पछारिएर बूढा मर्ने हुन् र ज्यानमारामा परिने हो भनेर सुन्तली बूढीको पनि हंसले ठाउँ छोड्यो। बूढीलाई आफ्ना सुन्तला चोरेको रिस पनि मरेर आयो। आफ्नो सुन्तलाभन्दा नि लमी बाजेको ज्यानको चिन्ता बढी भो। बूढालाई हर्जना तिराउने कुरा त कहाँ हो कहाँ, उल्टो उसैको ज्यान जोगाउने फसाद आइलाग्यो। 'बूढीले लौ न जसरी हुन्छ, यी बूढालाई रूखबाट ओरालिदेऊ' भन्दै कराउन थालिन्। अन्त्यमा घुमाउने घरे लाहुरेले भऱ्याङ हालेर बूढाको रूखमा अड्केको खादी काटेर बूढालाई ओराले। सुन्तला भुइँभरि भो, गाउँले सबै सुन्तला जम्मा गर्न थाले। लमी बूढा झन् चर्को-चर्को स्वरमा - 'हे, लौन मलाई केले सुन्तलाको रूखमा ल्यायो ?' भन्दै हनुमान चालिसा भट्याउँदै घरतिर लागे।

टि.भी.मा हेरेको समाचार पनि दुरुस्तै लमी बाजेको कथाजस्तो। पढेलेखेका मै हुँ, देशमा परिवर्तनको संवाहक भन्ने युवा नेतादेखि रैथाने, उद्योगपति, मन्त्री, सांसद, आफूलाई संसारमै सबैभन्दा ठूलो इमान्दार, क्रान्तिकारी बताउने नेताहरूसमेत आफ्नो आलिसान  घर हुँदाहुँदै पनि घर छैन भन्दै बर्सौदेखि ढाँटेर घरभाडावापतको पैसा र दोहोरो इन्धन सुविधा लिएको अभियोगमा समातिएपछि 'खै मलाई त थाहा थिएन, कसले हाल्दिएछ कुन्नि, यो पैसा मेरो खातामा ?' भन्दै लमी बाजेकै शैलीमा एकोहोरो कराउँदै थिए। कसैले त 'मेरो काम हो र ? पैसा बुझ्ने मेरो पी.ए.को काम हो' भन्दै लमी बाजेको भन्दा नि माथिल्लो स्तरको फट्याँइँ पनि देखाए। कसैले पक्रिएपछि फिर्ता गरेर चोखो चोर पनि बन्ने प्रयास गरे। अचम्म लागेर आयो, आफ्नो खातामा कति पैसा आएको छ, सो पनि मतलब नहुने। यी धमिराहरूको आम्दानीको कस्तो स्रोत र'छ ! आफूलाई आएको पैसाको कुनै अर्थ नै छैन भने किन लिनु ? फेरि यति गरिब जनताको पसिना ! कतै राष्ट्रपतिजस्तै पो हुन् कि ? जेमा पनि नबुझिकन दस्तखत गर्ने। यी पनि र यस्तो अनर्थ भो भन्दै उनै लमी बाजेलाई सम्झँदै थिए। हैन ती बूढा हालसम्म बाँचेको भए के गर्थे होलान् भन्दै कसरी निकाल्ने हो त छोरी रूखबाट भन्दै सोच्दै थिएँ। छोरी 'छिट्टो ओराल्दिनूस्' भन्दै रुँदै कराउँथी। म उसलाई आज सबक सिकाएरै छोड्ने अठोटमा थिएँ। यत्तिकैमा झन् सारो रुन थाली। मैले 'म सक्दिनँ, जेसुकै गर' भन्दै के हकारेको थिएँ, नजिकैको अम्रिसोको गाँजबाट 'म सक्छु' भन्दै चिनेको जस्तो आवाज आयो।

यसो हेरेँ, साधुराम पो र'छ। बारम्बार पुलिसले पक्रिरहने भएर पुलिसहरू पटकेसमेत भन्थे तर साधुरामकै नामले चिनिन्थ्यो गाउँभरि। उसको वास्तविक नाम

सायद उसैले समेत भुल्ने अवस्था थियो। पक्कै पनि सुन्तला चोर्न वा बाहिर राखेको कुनै भाँडो टिप्ने जोखाना हेरेर बसेको थियो होला। अस्ति मात्र हो, चाबी मिलाएर अर्काको घरमा पसी चोरेको आरोपमा पक्रिएको कति चाँडो छुट्यो फेरि ? भन्दै दङ्ग भएँ। जे होस्, हल्का जिउको छ यो चढ्दा सुन्तलाको हाँगा पनि भाँचिन्न भन्ने सोच्दै - 'ल जा बाबु यो नानीलाई ओराल्दे भनें।' चोरको बेर्नो बाँदर जाँदाझैँ रूखमा गयो र छाउरा च्यापे जसरी कतै नकोतरी ओराल्दियो। अघिपछि दैलाअगाडिको बाटोसमेत उसलाई हिँड्न नदिने ममा आज उप्रति बेग्लै किसिमको भावना पलाएर आयो। 'सुन्तला खाने भए खा बाबु, ला बस्!' भन्दै छेउको मुढा दिएँ। 'एकाबिहानै खान्न दाइ' भन्दै गजबको भद्रता देखायो। बाल्यकालमा आँसी (हँसिया) को चुच्चोले दुनियाँका घरका झ्यालढोका खोल्दै हिँड्ने साधुराम अहिले दुनियाँका घरका चाबी मिलाएर चोर्ने हैसियतको चोर बनिसकेको थियो। यस्ता चोरको अनुहारमा समेत कता-कता आत्मविश्वास झल्किएको पाएँ र मैले सोधेँ - 'बाबु, तँ त अस्ति भर्खरै चोरी केसमा समातिएको भन्थे, कति चाँडै छुटिस् त नि ?' उसले एक शब्दमा भन्यो - 'फिर्ता गर्दिए, छुटेँ।' म दङ्ग परेँ - के भन्न खोजेको होला यसले ? चोरेको/ठगेको कुरा पनि पक्रिएपछि फिर्ता गरेर कसरी बिनासजायँ छुट्न पायो भन्दै उसलाई सोधेँ - 'पैसा खर्च गरेर छुटे होलास्!' साधुरामले हाँस्दै भन्यो - 'कुन जमानामा छौ बूढा ? तिम्रा घरको टि.भी. मैले त चोरेको छैन! कि अरू कसैले मेरो इलाकामा आएर चोऱ्यो ? हेर्देनौ समाचार कसैले चोरी/छली गरेको अभियोगमा पक्रियो भने सामान फिर्ता गरिदेऊ, उसलाई सजायँ हुँदैन, यो सदनको नजिर हो, अब कसैलाई पनि कार्वाही गर्न मिल्दैन, बरु सामान के चोर्ने, विचार गर्नुपर्छ, झुक्किएर पनि कुखुरा चोर्ने त के कुरा! कुखुराको खोरमा हात लाउन नि हुन्न, पुलिसले कम तङ गर्छ ? मेरा चिनजानका दुई/चारजना चोरको बेहाल छ। अरू नै के-के मुद्दा पनि लाइदिन्छौँ भन्दै कुटेर बेहाल बनाएका छन्। पहिला त मैले नि चोर्थें। योपटक धन्न भगवान् दाहिना भएछन्' भन्दै आकाशतिर फर्किंदै हात जोर्दै भन्यो - 'घर फोर्नू कुखुरा नचोर्नू।'

मैले पनि टि.भी.मा सुनेको समाचार सम्झिँदै एकछिन घोरिएँ। कता-कता हो कि जस्तो नि लाग्यो। 'सियो चोर्नेले दरबार फोर्छ' भन्ने उखान सम्झेर हुर्केको म, न त साधुरामको कुरामा विश्वास गर्न सकेँ, न त अविश्वास गर्ने आधार नै देखेँ। उसको कथन कथनमै सीमित होस्, उखान नहोस् भन्ने कामना गर्दै साधुरामलाई छोरी ओराल्दिएकोमा धन्यबाद दिँदै बिदा भएँ।

कविता

# पात्रहरू र पाठशाला



● सन्तोष लामिछाने
म्याडिसन, अमेरिका

ब्रह्मले बिछ्याएका प्रारब्धका बिस्कुनबाट
फुत्तफुत्त ब्युँझन्छन् पात्रहरू
अनि छरिन्छन्
संसारी पाठशालामा बहुसङ्ख्यक छात्रछात्राहरू
बन्न/बनाउन, आफू चिनाउन
तल्लीन छन् ती अस्तित्वका भोकाहरू
बेग्लोपन दर्साउन, आफूतिर अरूको ध्यानाकर्षण गराउन
व्यग्र छन् ती खोल्नलाई अवसरका हर ढोकाहरू
जसरी वस्तुका अनेक छन् आकार
त्यसरी नै पात्रहरूका पनि अनेक छन् प्रकार
कोही छन् रापिला घाम, कोही छन् तेज आँधी
कोही छन् साधु, कोही अपराधी
कोही छन् रट्दै बाह्रखरी, कोही थाप्दै छन् विद्यावारिधि
कोही छन् सबका मनका खुसी, कोही बनाउँछन् सबलाई दुःखी
को के बन्छन् ? कसले के भन्छन् ?
छैन कसैको लेखाजोखा
कोही आफूलाई बन्धकी राखेर आफैलाई खोजी हिँड्छन्
कोही अरूलाई थाती राखेर सिर्फ आफूलाई रोज्छन्
खेल्छन् पात्रहरू आ-आफ्नो भूमिका
यी खेलमा कोही जित्छन् कोही हार्छन्
जित्नेहरू यही चोलामा मोक्ष हात पार्छन्
भवसागर आफू पनि तर्छन्
अरूलाई पनि तार्छन्
हार्नेहरू जित्नु के हो ? थाहै नपाई जीवन टार्छन्
कर्मलाई एउटाबाट अर्को जुनीमा सार्छन्

कोही भने आफू पनि मर्छन् अरूलाई पनि मार्छन्
आखिर हरेकले एकदिन
रस सुकेको पातझैं
कि त जल्नुपर्छ, कि त गल्नुपर्छ
अनि बिलाउनुपर्छ शून्यमा
जबसम्म पूरै ठोकिन्नन् कर्मका किलाहरू
तबसम्म सृष्टिको नाचमा
प्रादुर्भाव भइरहन्छन् पात्रहरू
अनि प्रदर्शनी चलिराख्छ लीलाहरूको
र त
प्रारब्धको इन्धन पिठ्युँमा बोकेर
संसारी पाठशालामा पसिरहन्छन् पात्रहरू
अनि
जबसम्म आफू मात्र एक पात्र भएको पत्तो पाउँदैनन्
पाठशालामै बसिरहन्छन् पात्रहरू
पाठशालामै फसिरहन्छन् पात्रहरू ।



# समाजसेवी



● लीलाराज दाहाल
सर्लाही, नेपाल

राधा बाटोको छेउमा बसेर रोइरहेकी थिइन् । उनको रुवाइ सुनेर मानिसहरू झुम्मिएका थिए । उनका पति र सासू घरको आँगनमा उभिएर के-के फलाकिरहेका थिए । वरिपरिका छिमेकीसँग गुहार मागेर उनी घरतिर लागिन् । अब उनको घरको आँगनमा छिमेकीहरू जम्मा भए ।

'तपाईंहरू, कसले बोलाएर मेरो घरमा आउनुभएको ? जानुस् सबैजना ।' राधाकी सासूले छिमेकीहरूलाई खाउँलाझैँ गरेर आँखा तरिन् ।

'बुहारीलाई यसरी यातना दिन पाइन्छ ? बुहारी पनि छोरीजस्तै होइनन् ? मान्छे त आमाछोरा नै पढेलेखेकै हुनुहुन्छ त ।' छेउमा उभिएका रामप्रसादले राधाका पक्षमा पैरवी गरे ।

'यसलाई यो घरमा एक, दुई, तीन ... बस्नै दिन्नँ । यो अफिसमा गएर को कोसँग लसपस गरेर आउँछे., मलाई थाहा छैन ? जागिर गर्न जानु त यसको बहाना मात्रै हो ।' सासू अझै कुर्लिरहेकी थिइन् । राधाको पति अजय पनि आमाकै पक्षमा ढल्किएको थियो ।

'मैले कुनै गल्ती गरेकी छैन । पहिले अप्सराजस्ती बुहारी भने । अहिले मेरा माइती गरिब रे ! स्तर मिलेन रे ! मलाई अंश दिलाई दिनुहोस् । म यी क्रूर सासू र बेकामे पतिसँग जीवन बिताउन सक्दिनँ । मलाई यिनीहरूले जिउँदै मार्नेछन् ।' राधाको आँसु थामिएको थिएन ।

यत्तिकैमा सासूले राधाको कपाल लुछेर भुइँमा लडाइन् । पति अजय पनि श्रीमती विरुद्ध खनियो । छिमेकीहरूले प्रहरी बोलाए ।

प्रहरीले बुहारी राधाको उजुरी सुनेर दुवै पक्षलाई छलफलका लागि नगरपालिकामा लैजान खोज्यो ।

'नगरपालिकामा जाँदा मेरो इज्जत जाँदैन? म किन जाने ?' राधाकी सासूले प्रहरीलाई पनि तथानाम गाली गर्न थालिन् ।

उनको अनुहारमा क्रोधको आगो अझै बल्दै थियो - 'मलाई चिनेका छौ ? म नारी उत्थान केन्द्रकी अध्यक्ष हुँ ।'

# बिहानी



● मनीषा प्रसाईं
इजरायल

बिहानी भयो लौ उदाएछ घाम
नयाँ जिन्दगानी रमाए तमाम
चरीले करायो बतायो ढिला भो
छिचोल्दै अँधेरो सबेरै बिदा भो ।

नयाँ रङ्ग भर्दै बढौ है अगाडि
नफालौं जवानी नजाऊँ पछाडि
छ झण्डा पियारो मिलेको उठेको
छ हाम्रो निशानी त्यसैमा अडेको ।

म पाखा पखेरा रमाए डुलेर
म जाँदै छु मेरा दुखेसा भुलेर
म यो जिन्दगीमा नहार्ने भएछु
यही आँट मेरो नमार्ने भएछु ।

म हाँस्दा खुसीले रमेको छ सारा
दियोझैं धपक्कै बलेको छ सारा
झुलेको छ बाला झपक्कै गरामा
असाध्यै सुहाएछ कस्तो धरामा ।

सुकाएर हाँगा पुरानो भएको
नयाँ पात हेरौं सजाई रहेको
हटाएर पीडा रमाऊँ यसैमा
दिगो हुन्छ माया सजाऊँ त्यसैमा ।

सुनौलो छ नेपाल चौंरी डुलेको
पखेटा सजाई छ डाँफे उडेको
छ बग्दै भिरालो सुसाएर खोला
मलाई खुसी पार्न ठानेर होला ।

अनेसास डबली
रेडियो हिमालय
www.radiohimalaya.com
भावनामा देश खोज्दै...
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
INTERNATIONAL NEPALI LITERARY SOCIETY
WASHINGTON D.C. ESTD. 1991
हिमालय रेडियोमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको रेडियो कार्यक्रम
अनेसास डबली
अनेसासका गतिविधि
साहित्य तथा साहित्यिक
भलाकुसारी ...
प्रत्येक आइतबार
बिहान ७ बजे नेपाली समय



# सन्तान र बिरुवा

● निरज क्षेत्री
अध्यक्ष, अनेसास, पर्थ च्याप्टर

गाउँ-सहर हुँदै खुसी किन्न
विदेश पस्दा छोरो
आमाको खुसी विदेसिएको थियो
खुसी बेच्ने सहरमा
ऊ स्वयम् नै कतिखेर बेचिएछ
पत्तै पाएन !
आज
आमा देशमा एक्लै छिन्
ऊ
विदेशमा परिवारसँग
दु:खसुख बाँड्दै रमाएको छ
बाबा
गाउँ-सहरमा आफ्नो सन्तानको गर्वमा
गफ दिने गर्नुहुन्छ
र घरमा गएर
आमाको रित्तिएको गर्भ हेर्दै
जिन्दगीलाई संस्मरणमा
ढाल्नुहुन्छ
विगतमा, सबै साथमा हुँदा
घरको बिरुवा बढेर
छिमेकीकोमा लम्कँदा
सधैं सोभ्काइरहनुभयो
घरकै आँगनमा
बगैंचा जन्माउनुभयो
तर
सन्तान र बिरुवामा फरक भएर होला
आजकल
बगैंचा मात्रै साथमा बढिरहेछ
र घरलाई पूर्णता दिइरहेछ
यसैगरी
आमा र देश भने
बाबा र नेताहरूको
बेवास्तामा छिमेकीको घरमा
फुलिरहेको सन्तानलाई
आँखा मिच्दै हेरिरहेछिन्
चिन्न नसेकेको
अभिव्यक्तिमा
बाबा र सन्तानको डरमा !



## गजल

● **गणेश घिमिरे**
महासचिव, अनेसास, केन्द्रीय समिति

भेल बाढी आयो आफ्नो जमिन गयो,
कुटो-कोदालोको पनि दिन गयो ।

दाजुले जब भाउजू घर भित्र्याए,
आफ्नै ज्यानमाथि उनको अधीन गयो ।

मुटुले मुटुको काम नगरेपछि शरीर,
भित्र काम गर्न मिसिन गयो ।

उज्यालो थियो घर-घरजस्तो थियो,
हजुरबा आमासँगै लच्छिन गयो ।

भेल बाढी आयो आफ्नो जमिन गयो,
कुटो-कोदालोको पनि दिन गयो ।



## गजल

● **कल्पना सुवेदी**
भर्जिनिया, अमेरिका

जिन्दगी बाँच्न जाने हाँस्ने पिल बाँचुञ्जेलसम्म,
जिउन नजाने जिन्दगी हिल बाँचुञ्जेलसम्म ।

घरबारको टाइटलमा थपक्क आफ्नो नाउँ,
मलाई भने मोर्गेजको बिल बाँचुञ्जेलसम्म ।

बाहिर ठिक्क पार्ने देखावटी जाली साथीसँग,
बँचेरै हिँड्न जान्नु ठूलो स्किल बाँचुञ्जेलसम्म ।

कोनमा भएको आइसक्रिम जस्तै हो जिन्दगी,
चाट्न चाहिन्न सुगर रिफिल बाँचुञ्जेलसम्म ।

चाहेका सबै फूलहरू कहाँ चढ्छन् र शिरमा,
मीठो घाउ भई कोतर्छन् दिल बाँचुञ्जेलसम्म ।

# कहिले बन्छ हाम्रो देश नेपाल

● क्रिस गुल्मेली बाबु
पूर्व अध्यक्ष, अनेसास, कोरिया च्याप्टर




चोरी, डकैती, बलात्कार र हत्या सधैँ हुने यहाँ
आफ्नै आमामा प्रहार हुँदा छैन कोही रुने यहाँ
छैन शान्ति हेर यहाँ, जहिले भैदिन्छ बेहाल !
कहिले बन्ने होला यो देश शान्त, सुन्दर नेपाल

आफ्नो भन्ने कोही छैन सबै छन् पराई  यहाँ
जसले जे गर्दा पनि हुने छैन केही कडाइ यहाँ
हामी नेपालीकै भाग्य यस्तो हो कि, हो दैवको चाल
कहिले बन्ने होला यो देश शान्त, सुन्दर नेपाल

दिनहुँ दुःख गर्दा पनि बाँच्नै गाह्रो जनलाई यहाँ
छैन फल श्रमको के गरी सम्हाल्ने मनलाई यहाँ
धनीका दिन सधैँ आए गरिबको उही छ ताल
कहिले बन्ने होला यो देश शान्त, सुन्दर नेपाल

महङ्गी र मिसावटले जनता सधैँ चर्कामा यहाँ
कसले बुझ्ने यो व्यथा दुःखी नै मर्कामा यहाँ
अरू देशको विकास हेर्दा मन दुख्छ  हरपल
कहिले बन्ने होला यो देश शान्त, सुन्दर नेपाल






# यज्ञ प्रश्न

● रश्मि भट्ट
न्युयोर्क, अमेरिका

ए आकाश ! चट्याङ नबर्साऊ, बेला न कुबेला पानी नपार, हिँउ र असिना नझार, कालो बादलले नढाक, नछोप, तिमी आफूलाई र यो धर्तीलाई पनि । कहिले प्रचण्ड गर्मी र कहिले तापबिनाको शून्य नबन न तिमी। म सहन्नँ तिम्रो यस्तो मनपरी, मलाई मनै पर्दैन तिम्रो एकाधिकार, धर्ती माताले चिच्याइ-चिच्याइ आकाशलाई अनुरोध गरिन् । यो सुनेर आकाश केही बेर मौन बस्यो र खित्का छाडेर हाँस्यो। हे धर्ती माते ! यो कस्तो अनुरोध हो तिम्रो ? म तिमी जे भन्छ्यौ त्यसै गरौं, कसरी फलाउँछ्यौ बालीनाली, कसरी हुन्छ धर्ती हराभरा ? कसरी ती धारा, कुवा, पोखरी इनार, तालतलैया, नदीनाला र समुद्र पानीले भरिपूर्ण रहलान् हँ ? म बेला-बेला बर्सेर तिमीलाई सिञ्चित गर्दा त यति धेरै रुखी, जर्जर र काकाकुल छौ तिमी र तिमीहरू। अझै म बर्सनै छाडौं त ? के हुन्छ यो धर्ती ? पानीबिना धर्तीका जीव-जीवात्मा, प्राण-प्राणीहरू कसरी जीवित रहलान् हँ ? कहिल्यै बादल र तुँवालोले नढाकिए मेरो स्वच्छ, सफा रूप तिमी कसरी देख्न पाउँछ्यौ हँ ? यी सबै काम म, तिमी र तिमीमै आश्रित सम्पूर्ण प्राणीहरूकै लागि त गरिरहेको छु। म तिम्रै साथ, सहयोग र भरोसाका लागि त यी सबै गरिरहेको छु। फेरि यो कचकच किन हँ ?

सुन, अनि तिमीबिना मेरो पो के र कहाँ अस्तित्व छ हँ ? तिमी पृथ्वीमा घरको मूलधुरी, खाँबो बनेर बसिदिएकी छौ र पो म छानो बनेर तिमीलाई हेर्दै मुस्कुराउन पाइरहेको छु। तिमी नै छैनौ भने म कसलाई हेरूँ, देखूँ ? यहाँ मसँग भएका समस्त चिजबिजहरू कसलाई दिऊँ भन त ? म आकाश हुनु र तिमी धर्ती हुनुमा फेरि हाम्रो इच्छा हो र ? ईश्वरले सृष्टि गरेदेखि नै तिमी र मेरो बराबर महत्वका साथ एकैचोटि गरेका हुन्। धर्तीबिनाको आकाश र आकाशबिनाको धर्ती म कल्पना पनि गर्न सक्दिनँ। तिमी पनि धर्तीमा ज्वालामुखी, सुनामी र भुइँचालो नल्याउन त धर्ती प्यारी, यसले त सबै जीवात्माहरूलाई बाँच्न कठिन पर्छ नि त !

यस्तो जान्दाजान्दै पनि किन ल्याएकी त उसो भए तिमीले ? किन बहुलाइ बनेर यस्तो रूप धारण गरेकी हँ ? तिमी सधैँ आफ्नो वश र अनुशासनमा किन रहन नसकेकी त ? जवाफ छ तिमीसँग ? मेरी प्यारी, मेरी साथी, मेरी आत्मा, मेरी धर्ती, समस्त जीव-जीवात्माकी माते, जगत्माते के भनेर कुन नामले सम्बोधन गरूँ म तिमीलाई ? पहिले-पहिले त तिमी र तिम्रा सबै प्रतिरूपहरू यस्तो उग्र आवेशमा आएको थाहा थिएन मलाई । के हुन गइरहेको छ हँ आजकल यहाँ ? हे धर्ती प्यारी जवाफ दिनुपर्छ तिमीले आज मलाई । जवाफ छ तिमीसँग ? तिमी दिन चाहन्छ्यौ, सक्छ्यौ जवाफ दिन ?

सक्छु किन नसक्नु ! को हौँ हँ तिमी म तिम्रो प्रश्नको जवाफ दिन नसक्ने ? सुन, कान खोलेर सुन, सुन्नैपर्छ अब तिमीले राम्ररी । धर्ती ठूलो-ठूलो स्वर गरेर चिच्याउन लागी । छानो बनेर ओत दिएकै भरमा तिमीले धेरै वर्ष, जुगौँजुग हामीमाथि एकलौटि र मनपरि शासन चलायौ । हामीलाई हेप्यौ, हेपिरह्यौ, एकदमै दुर्बल पनि सम्झ्यौ । आज जब हामी र हाम्रा प्रतिरूपहरूले यसो केही सोचबुझ र समझका साथ अघि बढेर आँखा खोल्न, बुझ्न, हेर्न र इच्छाअनुरूप केही कार्य गर्न लाग्यौँ, तिमीहरूलाई असह्य भयो हैन ? चाहिएको बेला तिमीले पानी नपारिदिँदा हामीले धर्तीकै गहिराइसम्म पुगेर कुवा, इनार, पोखरी बनायौँ, खनायौँ । नचाहिएको बेला एकतमास तिमीले हिउँफूल मात्र बर्साइरहँदा सहेर-सहेर फेरि हराभरा बनिरह्यौँ । तिमीले घाम नदिँदा हामीले दाउरा, कोइला, ग्यास, हिटर, बिजुली आदि प्रयोग गरेर ताप लिइरह्यौँ । हामीभित्र यस्ता कयौँ शक्ति छन् तर तिनीहरूलाई निकालेर हामी बलवान् भएको हेर्न तिमीहरूलाई पटक्कै मन पर्दैन । तिमी र तिम्रा समस्त वर्गहरू नै यो चाहन्छन् कि हामी जतिबेला पनि हात जोडेर तिमीहरूसँग मागिराखौँ । तिम्रा इच्छाले तोकिएका घामपानी, हावाहुरी सहेर र अड्कलेका अन्नबाली खाएर बाँचौँ । हामी तिमीबाट अन्नका बीज लिएर मात्र खुसी हुँदैनौँ, हामीलाई माया, दया, इज्जत र साथ-सहयोगको अझ बढी आवश्यक्ता हुन्छ । त्यो नै तिमीहरू दिँदैनौ, इज्जत गर्न चाहँदैनौ । म मात्र होइन, मरूपी समस्त धर्तीधरणीहरूको गुनासो नै यही हो आज ।

सुन, अझै ध्यान दिएर सुन, आकाश बीज त तिमीसँग छ र हुन्छ दियौ, त्यो के ठूलो कुरा हो र ? त्यस्तै बीजलाई धारण गरेर फलाउने, फुलाउने शक्ति हामीसँग छ, यो प्राकृतिक सामर्थ्यसँग के घमण्ड गर्नु खै ! के तिमी र हामीबीचको

अस्तित्व यत्ति हो त ? हामी परापूर्व कालदेखि यसैमा सीमित भइराख्ने ? अझ भन्दा बीज भएकै निहुँमा हामीमाथि तिमीहरू कति युगसम्म हुङ्कार गर्ने, गरिरहने ? धर्तीमाताको गर्भबिना कुनचाहिँ अन्नबाली फुल्छन्-फल्छन् र सप्रन्छन् हँ ? तिमीसँग एक मूल्यवान् र हामीसँग अर्को मूल्यवान् तर फरक शक्ति दिएर सृष्टिकालमै बराबर महत्त्व दिएको कुरा किन स्विकार्दैनौ हँ तिमीहरू । तिमीहरूलाई सधैँ किन ठालु पल्टनुपर्ने ? हामीलाई सधैँ आफूभन्दा दोस्रो र तल्लो दर्जाको नागरिक किन सम्झने हँ ? हामीले तिमीहरूको हेपाइ, चेपाइ, हत्याहिंसा लाखौँवर्ष सह्यौँ तर आज एकाध धर्तीधरणीबाट तिमीहरूमा थोरै आक्रमण हुँदैमा यत्रो कोकोहोलो किन हँ ? खै तिमीहरूमा सहनशक्ति, केवल हामी र हाम्रो जाति ठूलो भन्ने दम्भ कहिलेसम्म ? धरतीको सत्ता किन पचाउन नसक्ने तिमीहरू ? धरतीले सधैँ मलिन र अनुग्रहित बन्नुपर्ने किन ? तिमी पनि यी तमाम मेरा प्रश्नहरूको जवाफ देऊ आकाश, सक्छौ ? तिमीसँग छ यस्तो सामर्थ्य ? ल देऊ जवाफ, दिइहाल सुनौँ ।

किन नसक्नु, सक्छु, सजिलै दिन्छु म तिम्रा ती तमाम प्रश्नहरूको जवाफ - आकाश जङ्गियो र भन्यो । सुन, कान खोलेर सुन धर्ती प्यारी तर सुन्नलाई तिमीमा पनि धैर्य हुनुपर्छ नि ! ल पूरै सुन । यदि हामी कठोर देखिन्छौँ भने, समयअनुसार नचल्ने रुढ देखिन्छौँ भने हामीलाई सोहीअनुसार मार्गदर्शन गर्नुपर्छ तिमीहरूले । परापूर्वको बदला होइन, प्रहार होइन, हामीसँग युद्ध र लडाइँ छेड्ने होइन, हातेमालो र सामञ्जस्यता गरेर अघि बढ्ने हो । चाहिएअनुसार चालु गर्ने हो । म आकाश मण्डलमा कति-कति ताता-चिसा चन्द्र, तारा, सौर्य ग्रह, उल्का पिण्डहरूसँग जुझेर बाँचेको छु । यिनीहरूका राप-तापमा जल्नु के मेरो इच्छा हो र ? कहिले पानी घाम, कहिले औँसी पूर्णे, कहिले बर्षा र हिउँ, असिना तुँवालो भएर बर्सनु मेरो इच्छा हो र ? यी सारा काम मैले मेरो इच्छाले गर्न पाउने नै हैन धर्ती, तिमी जेसुकै भन । तिमीले मलाई बुझ्नुपर्छ सूक्ष्म तरिकाले । धुइँचक्र प्रयास गर्दा पनि खै आकाशमा मान्छेले बस्ती बसाउन सकेको ? खै पानीको मुहान फेला पार्न सकेको ? जति भेटेँ, देखेँ भनेका छन्, यी सबै हावा गफ मात्र हुन् म बुझ्छु नि । त्यसमा सत्यताको कुनै लेससम्म छैन । मभन्दा त तिमी धेरै भाग्यमानी छौ, धर्तीमा हराभरा, शीतलता छ, पानीका प्रशस्त स्रोतहरू छन् । खानका लागि बालीनाली र बस्नका लागि घरबस्तीहरू छन् । भन त आकाशमा त्यस्तो के छ ? मसँग बीज र धर्ती हराभरा पार्नेबाहेक आफ्ना लागि त केही छँदैछैन । म रित्तो

छु, दुःखी छु, कष्टपूर्ण छ मेरो जीवन, त्यसैले हुनसक्छ म कठोर छु, कठोर जस्तो लाग्न सक्छ मेरो जीवन । तिमी आफ्नो मायाप्रेमले मलाई जस्तो बनाउन चाहन्छौ, त्यस्तै बनाउने प्रयत्न गर न हुँदैन ?

अँह ! हुँदैन । धर्तीले झोक्किएर भनी - म तिम्रा लागि प्रयोग भइरहन चाहन्नँ । तिमीले जस्तो चाह्यो, त्यस्तै बन्दिनँ म । तिमी आफै नरम, कोमल, दयालु र विनम्रशाली पनि बन्ने कोसिस गर । हामी परेको बेला तिमीहरूभन्दा वीर र साहसी बन्न सक्छौँ भने तिमीहरू हाम्रो अनुकूल किन बन्न नसक्ने । बन आफै बनेर देखाऊ । हामीमाथि कहिल्यै उग्र बनेर हिंसा नगर । धर्तीभन्दा म ठूलो भन्ने सोचाइ र घमण्डकै परित्याग गर पहिले, अनि मिलिहाल्छ नि कुरो ! हाम्रा लागि पनि तिमीहरू आफै प्रयोग भएर हेर, हाम्रा सुख र खुसी के मा छ हेर ? मर्दकी सात पत्नी भन्ने युगकै निर्लज्ज किन पुनरुत्थान गरिरहेछौ तिमी ? तिमीले जति जिजुबाजे, हजुरबुवा, बुवाहरूका त्यस्ता कथा सुन्यौ, तर कति जिजुआमा, हजुरआमा र आमाहरूका त्यस्ता कथा, इतिहास छ ल भन त मलाई । सयकडा एक छ ? अझ छैन होला त्यति पनि । अहिले आएर एक/दुई धर्तीमाताहरूबाट केही गलत काम र नखरा भए भन्दैमा सिङ्गो आकाश चिच्याइ-चिच्याई रुन-कराउन मिल्दैन बुझ्यौ ? यदाकदा तिमीले हामी सृष्टिकालदेखि नै एक भिन्न-भिन्न गुणले तर बराबर भने पनि व्यवहारमा त्यस्तो समानता मैले आजसम्म पाउन र देख्न सकेकी छैन । त्यस्तो पाएको भए म तिमीसँग किन झगडा गरिरहन्थेँ र ? पहिले मलाई नै तिमी समानताको व्यवहार गरेर देखाऊ न । त्यसपछि तिम्रा प्रतिनिधि पात्रहरूसँग मुठभेड नगर्न सम्झाउँला नि ! मेरा समस्त पीडित प्रतिरूप पात्रहरूलाई हुन्न ?

यो त सम्झाउने कुरा नै होइन नि - आकाश बोल्यो । हामी आफैले एकअर्कालाई राम्ररी बुझ्ने कुरा हो, आफै-आफैले सोच्ने-सम्झने कुरा हो । बेकार लडाइँ र झगडा गरी शक्ति प्रदर्शन पो गर्दै छौँ हामी । ठूलो-सानो, उँचो-निचो, तल-माथि भन्ने नै केही छैन, छ त केवल भ्रम मात्र छ । कुनै युगमा हामी धेरै बोल्यौँ होला, हाम्रो अस्तित्व बढी देखियो होला तर त्यतिबेला पनि धर्तीमाता कहाँ महत्त्वहीन थिइन् र ? जो, जे जति धर्तीमाताहरू बोले, जे-जे असल काम गरे, त्यसको चर्चा के आजसम्म गरिएको छैन र ? मन्दिर-मूर्तिका आस्थाका मात्र कुरा गर्ने हो भने पनि त्यहाँ देवीहरू छैनन् र ? उनीहरूको आराधना झन् बढी

गरिएको छैन र ? त्यसैले हे धर्ती प्यारी ! हामीले एकआपसमा लड्ने होइन, दुवैको अस्तित्वलाई बुझेर एकसाथ अगाडि बढ्ने हो । हाम्रो जन्म हामीबीचमै युद्ध गर्न भएको हो कि धर्तीमा केही असल कार्य छाडेर जान हो ? बुझ्नुपर्छ हामीले । अबको युग त आकाश र धर्तीबीच युद्ध भएर सकिने हो कि भन्ने त्रास पनि प्रशस्त छ यहाँ त । त्यसैले हामी लड्न होइन, सँगै अघि बढ्न लागौँ, हातेमालो गरौँ, यसैमा हामी सबैको भलाइ छ । नदी बीचमा हुन्छ, किनारा एक र अर्कोतिर हुन्छ । दुवैको मूल्य बराबर र समानान्तर हुन्छन् तिनीहरू । नदीबिना ती दुवैको अस्तित्व रहन्न । त्यस्तै लडी-लडी हामी हाम्रो जीवन नै नाश गर्छौं भने जीवनै बिना हाम्रो अस्तित्वको लडाइँ कसरी सुरु हुन्छ र ? हामी सृष्टिदेखि नै बराबर हौँ, थियौँ र छौँ, यस कुरालाई मैले राम्ररी बुझेको छु, धरतीधरा । तिमी जसरी मूल्याङ्कन गर मलाई । मेरो भन्नु त्यस्तो अरू केही छैन ।

अबको युगमा धर्तीकै बोलवाला भएछ भने पनि त्यसले मलाई दुःखी होइन, झनै खुसी तुल्याउनेछ । तिमीहरूको बानी, व्यवहार र कामकाजहरू प्रकाशमा आएर हामी ओझेल पर्ने हुँदै होइन । हाम्रो जन्म लडाइँका लागि हुँदै होइन, एकअर्कामा मिलेर रमाएर साथी, सहयोगी बनेर बाँच्न नै हो, म बारम्बार भन्छु - लौ, लौ व्यवहारमा गरेरै देखाउन पहिले, अनि म पनि झगडा र कचकच गर्न छाडेर ए हो रहेछ भनौला नि हुन्न ? आकाशको कुरा ठीकै ठानेर हो या काम परेर, थाकेर हो धर्तीमाताले अरू प्रश्न सोध्न र क्रिया-प्रतिक्रिया जनाउनै छाड्दै गइन् । प्रश्नै सकिएपछि जवाल-सवालको आवश्यक्ता नै परेन तैपनि आकाशको मनमा प्रश्न मडारिरह्यो । किन आकाश र धर्तीबीच मारामार युद्ध चलेको हो आजकल ? म र धर्तीबीच मात्रै होइन, सिङ्गो ब्रह्माण्डमै आकाश र धर्तीहरूका बीच-बीचमा सबै कुरा बिर्सेर भीषण युद्ध सुरु भइरहेको छ । बुझेर-नबुझेर सानो-ठूलो र होचो-अग्लो भन्दै जोडतोड भइरहेको छ । के म र धर्तीबीच अब कैल्यै मनमुटाब हुँदैन त ? अहँ भेट हुनुपर्छ । फेरि सुरु भइहाल्छ हाम्रो द्वन्द्व । नभई पनि नहुने र मनोमालिन्यबिना बस्नै नसक्ने पो भयौँ त हामी । आकाश र धर्तीरूपी सम्पूर्णमा यो कहिल्यै अन्त्य नहुने युद्ध हो, थियो पहिले पनि, हुनेछ भोलि पनि तर आजकलचाहिँ यसको नराम्रो आगो किन सल्किरहेछ निभ्न नसक्ने गरी ? नर नारीहरूको अस्तित्व नै समाप्त हुने गरी । उत्तर कोबाट र कसरी मिल्ला खै ? या त प्रश्नै मात्र बनेर रहला त सधैँ भरि ?

कविता

# रगतले लेखिएको विधान



● एलिना सङ्ग्रौला
लन्डन, युके

ओ ! मानवरूपी दानव
मैले फेर्ने
श्वासको स्वाँ
आवाजलाई सम्म
प्रतिबन्धित गरेर
मेरो रुद्रकण्ठलाई
कसेर लगाम लगाउँदै
आफ्नो राक्षसी रूप
प्रस्तुत गरेर
विजय प्राप्तिको
कयौँ सिँढीहरू
पार गरिरहेको सोच्दा हौ

मानवरूपी दानवको
कलङ्कित मनले
मेरो कुमारीत्व
हरण गरिरहेको बेला
मेरो कलिलो
गुप्ताङ्गबाट बगेका
यिनै राता रगतका
थोपाहरूले
लेखिदिनेछन्
इतिहासमा कहिल्यै
नमेटिने विधान !

यो मेरो
कोलाहलमय
चिच्याहटसँगै
बगेका आँसुका
भेलहरूले बगाइदिनेछन्
सुकेका पातहरूलाई झैँ
त्यो कालो
राक्षसी मन हुनेहरूलाई

फूलजस्तै
मुस्कुराउँदै
एउटा कोमल
मन बोकेर
विद्या आर्जन गर्न
गइरहेकी एउटी
निर्दोष बालिकामाथि
चरम यातना दिई
बलात्कार गरेर
निर्मम हत्या गर्ने
त्यो पापी ब्वाँसोलाई
कुन विधानले
स्वतन्त्र छाडेको छ हँ ??



## गजल

● **खगेन्द्र समरस न्यौपाने**
दुबई, युएई

धनाढ्य माग्दै हिँड्छन् सम्मान भोटजस्तो,
यस्तो लाग्छ यहाँ इज्जत चाहिँ कोटजस्तो।

मान्छे धनले मात्रै माथि पुगेका हैनन्,
सफल हुने सूत्र अरू हुँदैन अठोटजस्तो।

मनमा राखे पछाडि क्यै अवगुण देखिन्न,
धब्बा छ जूनमा तर लाग्दैन खोटजस्तो।

बाले हजारमा घर मैले चकलेट किनें,
हजार रुपियाँ अचेल लाग्दैन नोटजस्तो।

यसरी भयो विछोड हुँदाको पीडा मापन,
यो खुकुरीको प्रहार लाग्दैन चोटजस्तो।

स्वाद लिए पनि नलिए पनि पक्कै सकिनेछ,
जीवन त रहेछ सल्किएको चुरोटजस्तो।



## गजल

● **बद्रीबाबु पोखरेल**
लिस्बोन, पोर्चुगल

जतातते अन्धकार छ, घाम देखिन्न कतै,
वसन्तको हरियाली, आयाम देखिन्न कतै।

धर्मप्रति आस्था पनि, हरायो मेरो देशमा,
मन्दिरमा राधाकृष्ण, राम देखिन्न कतै।

फोहोरै-फोहोर छ, भौतिकताको सहरमा,
सफासुग्घर, शान्त गाम देखिन्न कतै।

सधैंको एउटा एउटा द्वन्द्वभित्र फस्यो देश,
समुन्नति विकासको, काम देखिन्न कतै।

बन्द-हड्ताल ढुङ्गामुढा, सधैं किन यस्तो,
अरू देशमा कहिले, चक्काजाम देखिन्न कतै।



# भिन्नता

● जनक कार्की
दुबई, युएई

एउटा तरुनी वृक्ष
हरियो वस्त्रले सुसज्जित
केशमा सेता पुष्पले लरक्क कपाल बाटेकी
पवन पनि मात्तिँदै आउँछ अँगालोमा बेर्न
हावाको स्पर्शले पातहरू
बजाउन थाल्छन् सारङ्गी च्याइँ-च्याइँ
नृत्य गर्छन् हाँगाका डालीहरू छमछमी
सोरठी र सालैजो तालहरूमा
मुसाफिर पंक्षीहरू
घामपानीको टोकसोबाट आत्तिँदै आउँछन्
शीतल छहारीभित्र आश्रय लिन
भोजन गराउँछे आफ्नो भकारी रित्याएर ।

एउटा वृद्ध वृक्ष
दाँत सबै झरेर थोते
कपाल झरेर उजाड
छाला उक्किएर कुरूप
पवन पनि आउँछ उसका हड्डीहरू भाँच्न
पंक्षीहरू बसाइँ सरेर गए
फर्किएर आएनन् हालचाल सोध्न
तिमीले बिर्सियौ होला त्यो वृक्षलाई
तर ममताकी खानी
परोपकारको सिद्धान्त बिर्सेको छैन वृक्षले
अझै पनि ।
तिम्रा भोक मेट्न जलेर तिमीलाई सहयोग गर्नेछ
तिमीले संसार छोड्दा
तिम्रो देहलाई जलाएर दुर्गन्धित हुनुबाट बचाउनेछ ।



# मुक्तक

● **चन्द्रा मरासिनी जुना**
बुढानीलकण्ठ, काठमाडौँ

ओजन फाट्यो सूर्यचन्द्र तलतल झर्दै छ
भोलि हिजै मरेको हो हिजो आज मर्दै छ
कलियुगले समयलाई खाइदिएछ साथी
हिजोआज कालचक्र पो आफै दङ्ग पर्दै छ ।

न्यायाधीशले न्यायमा नै मतियार किन्न थाले
आजभोलि बुद्धले पो हतियार किन्न थाले
लाखौँ मान्छे बेघर पारे अधिकार दिन्छौँ भनी
सत्ता-भत्ता पाउनेले अख्तियार किन्न थाले ।

नबोलेरै मौन विद्रोहको राँको बालेकी छु
ज्वालामुखी निकाल्नलाई लाभा पालेकी छु
पानीमाथि अक्षांश र देशान्तर रेखा खिची
निजत्वको अस्तित्वमा नयाँ कदम चालेकी छु ।

कानुनको परिभाषा तरबार भएको छ
कुवाभित्र भ्यागुताको घरबार भएको छ
समयलाई उछिनेर अघि-अघि दौड्यौँ हामी
बालुवाको घर अहिले दरबार भएको छ ।





## गजल

● **गणेश आचार्य**
अध्यक्ष, अनेसास, इटाली च्याप्टर

कमाउँला आमा  धनसम्पत्ति जिउँदो छु म अझै,
पठाउनेछु तिमीलाई ओखती जिउँदो छु म अझै ।

केही गर्नकै लागि यो धर्तीमा जन्म लिएको हुँ,
गर्नेछु पक्कै एकदिन उन्नति जिउँदो छु म अझै ।

घुमाउँछु आमा मठ र मन्दिर, घुमाउँछु चार धाम,
पखाल्छु पाप सकेको, जति  जिउँदो छु म अझै ।

मनमा रहरै भए खोज, बुहारी म आउँछु भित्र्याउन,
माघमै बजाइदिउँला नौमती जिउँदो छु म अझै ।

नकाट्नू दुःख दुईछाक खान, एकसरो लगाउन,
आशीर्वाद दिनुस् गर्छु, प्रगति जिउँदो छु म अझै ।



## गजल

● **इन्दिरा चाम्लिङ**
ब्रसेल्स, बेल्जियम

तिर्खा लागेपछि मन त जलमै हुन्छ,
लोभ लागेपछि आँखा त फलमै हुन्छ ।

बर्सौंवर्ष लाग्छ राम्रो काम बन्नलाई,
यहाँ नराम्रो काम त एकपलमै हुन्छ ।

प्रेमी भनेर मख्खै परी होस नगुमाऊ,
दुनियाँमा अचेल प्रेम त छलमै हुन्छ ।

पानीभन्दा सस्तो भएको छ माया,
प्रेमपत्र लेख्नै पर्दैन एक कलमै हुन्छ ।

छोपमा साँधे पनि बयममा खाँदे पनि,
आखिर मीठो चटनी त खलमै हुन्छ ।




# गीत

● **अग्नि पराजुली**
न्यु ह्याम्पसायर, अमेरिका

● **उमा पराजुली**
न्यु ह्याम्पसायर, अमेरिका

केटा :
तिम्रो माया तिमीसँगै, मेरो मैसँगै
तिम्लाई केही पो होला भनी, हुन्छ मन झसङ्गै

केटी :
तिम्रो माया तिमीसँगै, मेरो मैसँगै
तिम्लाई केही पो होला भनी, हुन्छु म झसङ्गै ।

केटा :
मावा, मेची-सेती खोला, थाले रे सुसाउन
सानो काम छ सुनको चुरा, (सकिन पठाउन) - २
तिम्रो माया तिमीसँगै, मेरो मैसँगै
तिम्लाई केही पो होला भनी, हुन्छ मन झसङ्गै ।

केटी :
सहरबाट आउँदा कोही, तिमी आएझैं लाग्छ

जुनेलीमा नाच्दा-गाउँदा, (बैँस आफै पाक्छ) - २
तिम्रो माया तिमीसँगै, मेरो मैसँगै
तिम्लाई केही पो होला भनी, हुन्छु  म झसङ्गै ।

केटा :
यता पनि कामै-काम छ, बिदा लामो छैन
लवमै बित्छ क्या हो जीवन, आउन पा'को हैन
तिम्रो माया तिमीसँगै, मेरो मैसँगै
तिम्लाई केही पो होला भनी, हुन्छ मन झसङ्गै ।

केटी :
मामा गाउँको हेन्सम मलाई, माग्न आउँछ अरे
तिमी टाढा, के गर्नु म, अलमल्लमा परेँ
तिम्रो माया तिमीसँगै, मेरो मैसँगै
तिम्लाई केही पो होला भनी, हुन्छ मन झसङ्गै ।

केटा :
दुई/चारवर्ष नाचौँ-गाऔँ, के को हतार छ र !
बच्चाको झैँ कुरा सुन्दा, लाग्न थाल्यो डर
तिम्रो माया तिमीसँगै, मेरो मैसँगै
तिम्लाई केही पो होला भनी, हुन्छ मन झसङ्गै ।

केटी :
लाली चढ्यो तनमा-मनमा, गाजल लाउनुपर्छ
गाउँको माया चाहिने भए, गाउँमै आउनुपर्छ
तिम्रो माया तिमीसँगै, मेरो मैसँगै
तिम्लाई केही पो होला भनी, हुन्छ मन झसङ्गै ।

कविता

# छोरी तिमी फर्क !



● सीता बराल
लिस्बोन, पोर्चुगल

हरेकपटक फोनमा मेरी आमा भन्नुहुन्छ -
छोरी तिमी फर्क
मैले विश्राम गर्ने बेला भयो, अब तिमी फर्क !

तिम्रो भविष्य उज्यालो देख्ने सपनामा
तिमी पनि दाइजस्तै पखेटा फिजाउँदै
स्वतन्त्र उड्न सक भन्दै तिम्रै लागि
पटक-पटक लडेँ
लडाइँमा खाएका लट्ठीका डामहरू
मेरा शरीरभरि अझै आलो बनेर बल्भिmरहन्छन्
ती लडाइँमा खाएका लट्ठीका डामहरू
मेरा शरीरभरि अझै ताजा बनेर बल्भिmरहन्छन्
परिणाम
तिमी पखेटा पलाएकी चरीजस्तै उड्न सक्यौ
तिम्री दिदीलाई सिंहासनमा विराजमान गराउन सके
तर म खुसी हुन पटक्कै सकेकी छैन
पाइन्छ भने मेरो खुसी पनि किनेर आऊ
छोरी अब फर्केर आऊ !
यहाँ, १५ वर्षीय छोरी हराएकी छन्
सात वर्षीय छोरीको हत्या भएको छ
अबोध बालिकाहरूको
खुसी र चैनको निद लुट्दै
जिब्रो पड्काउँदै खुल्लमखुल्ला हिँड्ने
दैंत्यहरूको संहारकारी देवी बनेर आऊ
तेह्र वर्षीय निर्मलाको त के कुरा गर्नु
शान्ति, अमनचैनका खातिर खटिएका
प्रशासक उनका बलात्कारका
प्रमाणहरू मेटाउँदै हिँड्छन्
अनि यिनैलाई बचाउन
बालुवाटार र सिंहदरवार
कुम्भकर्णझैँ निदाएको छ
यिनै कुम्भकर्णलाई ब्युँझाउने गरी
आवाज बनेर आऊ
हरेकघर आगनमा हुने
पीडामिश्रित समाचारहरूको मल्हम बनेर आऊ
यो समाजको दैंत्यले सुन्ने मीठो धुन बनेर आऊ
छोरी तिमी आऊ !
समाजको आरोप, दवाब र
संकोचलाई औँला देखाएर हिँड्दै
स्तब्ध रहेका आमाहरूको आवाज बन्दै
अनि यो दानवरूपी समाजको कुरीतिलाई
जरैदेखि उखेलेर फाल्ने गरी आऊ
समाज परिवर्तनको बाहक बनेर आऊ
छोरी तिमी आऊ
मानवरूपी दैंत्यको संहार गर्न
देवी बनेर आऊ
छोरी तिमी आऊ
छोरी अब घर फर्केर आऊ ।

कविता

# तिमी आएपछि



● गणेश श्रेष्ठ 'अपेक्षा'
कोलोराडो, अमेरिका

शान्त न्यानो हाम्रो गाउँमा
आफूले चाहेजति खुसीको आकाश
सुखको संसार पाएकै थियौं हामीले
चलिरहेकै थियो हाम्रो जीवन ।

घामजून, ताराहरू
ठीक क्रममा उदाउने-अस्ताउने
यो ठाउँमा तिमी आएपछि
फूलहरू कृत्रिम रङमा फुल्न थाले
समय बेठीक गतिमा चल्न थाल्यो
मौसममा अस्वाभाविक
उतार-चढावले बढेको जाडो
हाम्रो कान, आँखाबाट छिरेर
मन कठ्याङ्ग्रिन थालेको छ ।

तिम्रा हरेक चिसो छेक्न हामी
बाक्ला लुगा लगाउन तयार छौं
बेमौसममा तिमीले फैलाएको
उखरमाउलो गर्मीमा
निर्वस्त्र हुन चाहिँ हाम्रो मन मान्दैन ।

आफैलाई सर्वज्ञाता ठान्ने तिम्रा
आकारविहीन बोलीहरू
पातहरूले समेत पत्याउन छाडे
रङ नमिलेका चित्रजस्ता
तिम्रा सम्बन्धहरू लत्पतिएर
यो समाजको रङ बिग्रिएको छ ।

साँच्चै हो,
तिमी आएपछि
यो ठाउँको सपना बिथोलिएको छ ।



## गजल

● **निरु न्यौपाने**
लिस्बोन, पोर्चुगल

बाल्यकालमा बाको दुःख बुझियो, रहर मारियो,
बैंसमा सन्तानको सुख खोजियो, बसाइँ सारियो ।

आमाको फाटेको धोती र बाको टालिएको इस्टकोट,
श्रीमतीको मिनी स्कटको, शीतलताले ओझेल पारियो ।

कति नङग्रा खियाएपछिका, दिनरातले चाउरी पऱ्यो छाला,
संसार जित्न हिँडेको म, आखिर समयसँग हारियो ।

शङ्का छ भोलि छोराले मलाई 'बा' भन्ला-नभन्ला,
आफै छोरा भएर के गरियो ? मात्र तेर दिन जुठो बारियो ।

म खोज्छु समय फर्काउन, एकपटक रुन पीडा बगाउन,
सायद निको हुनेछैन, छातीको बोझ मनको भारी यो ।



## गजल

● **रमेश दाहाल**
काठमाडौं, नेपाल

बाबा आमा बालबच्चा, पाल्नै गाह्रो भो,
रिनबाट अन्त पाइला, चाल्नै गाह्रो भो ।

आज खायो भोलि छैन, अब के गर्ने ?
आजभोलि हाम्रो चुलो, बाल्नै गाह्रो भो ।

छोर छोरी नयाँ लुगा, अनि मासु खोज्छन्,
दसैंमा हाम्लाई खसी, ढाल्नै गाह्रो भो ।

धनीहरू महलमा हाँसीखुसी देख्दा,
फाट्यो मन गरिबीले टाल्नै गाह्रो भो ।

बाबा आमा बालबच्चा, पाल्नै गाह्रो भो,
रिनबाट अन्त पाइला, चाल्नै गाह्रो भो ।

लघुकथा

# सहिद



● **हिमोढ पहाडी**
लिस्बोन, पोर्चुगल

रत्नपार्कमा बसको ठक्करबाट एउटा भुस्याहा कुकुर घाइते हुनासाथ उपत्यका भरका कुकुरहरू रत्नपार्कमा भेला भए। एम्बुलेन्समा हालेर हतार-हतारमा उक्त कुकुर वीर अस्पताल पुऱ्याइयो । डाक्टरले उसलाई तत्काल मृत घोषित गरे । ड्राइभरलाई प्रहरीले पक्राउ गरेर हिरासतमा लियो। देख्दादेख्दै एकैछिनमा सडक जाम गराइयो। मृत कुकुरको लाश बोकेर जुलुस अगाडि बढ्यो। हरेक दलको हाइकमान्डले रेडियो, टेलिभिजन र अखबारमार्फत् शोक समवेदना प्रकट गरे। उपत्यकाको सडक जाम नखुलेकाले सरकारले वार्ता टोली गठन गऱ्यो । राजधानीको पाँचतारे होटलमा भएको उक्त वार्तामा आन्दोलनकारीले मृत कुकुरलाई सहिद घोषणा गर्नुपर्ने र तत्काल क्षतिपूर्ति दिनुपर्ने दुई सूत्रीय माग राखे र सिंहदरबारले हरियो झण्डा देखायो ।

तत्काल मन्त्रीपरिषद्को बैठक बसेर मृत कुकुरलाई सहिद घोषणा गरियो। सरकारका प्रवक्ताले पत्रकार सम्मेलनमार्फत् सिंहदरबारको निर्णय सुनाए। देशका प्रमुख मिडियामार्फत् उक्त घोषणा भयो । सहिदको सम्मानमा शोक धुन बज्दै गर्दा सिंहदरबारको झण्डा झुकाइयो। सहिदहरूको सूचीमा नयाँ सहिदको नाम थपियो ।

# ए नयाँ वर्ष



● निलकण्ठ सुवेदी
सचिव, अनेसास, वासिङ्गटन डि.सी. च्याप्टर

तिमी सगरमाथाको शिखरबाट
शान्तिको सन्देश छर्दै आऊ
बुद्धको देश भनेर
म गर्व गर्न सकूँ
अन्तुको घामसँगै हाँसी खुसी रमाउँदै
सुनौलो बिहानी लिएर आऊ
थाँती रहेका यात्रा सहजै पूरा गरी
सुनौलो भविष्य नियाल्न सकूँ
बागमतीको आशीर्वाद लिएर आऊ
जहाँ मेरा पुर्खाहरूको बिडो थाम्न सकूँ
तीनकोटि नेपालीमाँझ
साझा आशा,
अनि विश्वास बनेर आऊ
गोधुली साँझसँगै भोका पेटहरू
र नाङ्गा शरीरहरूको
आवश्यकता पूरा गर्न आऊ
निर्दोष अक्षरहरू
सफल हुन पाउनुपर्छ
अब तिमी
वैमनष्यताको तुष फालेर आऊ
यहाँ हजारौं गोविन्द जन्माउनु छ
आमाको ममताको इतिहास लेख्नु छ
एकताको बीज उमार्नु छ
नौलो जोस जाँगर र स्नेहभाव लिएर आऊ
तिमी त्यही मानचित्र कोर्दै आऊ
त्यही गन्तव्य र त्यही सपना
जुन मैले, उसले र सबैले देखेको छ
जुन कल्पनामा सहिदले रगत पोखेको छ
जुन सपनामा मेरो देश तड्पिएको छ ।
तिनै हाम्रा सुन्दर सपना पूरा गर्न आऊ
तिमी
निदाएकाहरूलाई ब्युँझाउन आऊ
उङ्घेहरूलाई सचेत पार्नु छ
दुःखका गल्लि र गल्छेडा नाघेर
दूरदराज बस्ति पुग्नु छ
मेट्नु छ थकानका सुस्केराहरू
मौनतामा टोलाएका अनुहारहरू
लगाउनु छ चहऱ्याएका घाउमा
मलमपट्टीहरू
त्यसैले त ए नयाँ वर्ष
दीर्घकालीन निकास लिएर आऊ
आऊ छिटो अब
हरेक नेपालीको
सहारा बनेर आऊ
अनि विश्वास र भरोसा बनेर आऊ ।



## गजल

● **कृष्ण कुसुम**
न्युजर्सी, अमेरिका

आजभोलि सपनाको संसारमा रमाउँदैछु,
बुझ्यौ होला पक्कै पनि म प्यारमा रमाउँदैछु।

फूलजस्तै कोमल तिम्रो दिलमा बन्दी बनाइछ्यौ,
आफू भने त्यै दिलको कारागारमा रमाउँदैछु।

तिमी पाएँ आफ्ना लागि जिन्दगीको उपहारमा,
र त आफ्नो यो अमूल्य उपहारमा रमाउँदैछु।

घरिघरि रिसाएझैं सताउन खोज्छ्यौ मलाई,
म चैं तिम्रो यस्तै प्रेमिल व्यवहारमा रमाउँदैछु।

आजभोलि सपनाको संसारमा रमाउँदैछु,
बुझ्यौ होला पक्कै पनि म प्यारमा रमाउँदैछु।



## गजल

● **सुशीला खड्का 'हसिना'**
काठमाडौं, नेपाल

घाउ दुख्छ मुटुभित्र दुख्छ मुटु घाउ दुख्दा,
म पनि त दुखेकै छु, आज मेरो गाउँ दुख्दा।

माटो हेर्दै आँखाहरू रसाउँछन् घरिघरि,
अचानो भै सहेकै छु शान्ति फुल्ने ठाउँ दुख्दा।

कहाँ सुत्छु रातभरि ओल्टेकोल्टे फेर्दै बस्छु,
किनारामै जिन्दगीको खोला तार्ने नाउ दुख्दा।

खुसी छैन आटो अनि बाटो यहाँ सधैं-सधैं,
खुम्चिँदै छ भाग्यरेखा बाजीपिच्छे दाउ दुख्दा।

नियतिको चर्खा घुम्छ हरदिन नुन खोज्दै,
उद्देश्यको जून डुब्छ, भोकसँगै साउ दुख्दा।

मेरो जस्तो मन अब अरूको नि दुख्नुपर्छ,
अनि मात्र निद्रा जाग्छ सङ्कल्पको पाउ दुख्दा।

# बुद्धको खोजी



● डन कार्की
अध्यक्ष, अनेसास, लस एन्जलस च्याप्टर

बुद्ध जन्मेको देश हाम्रो
शान्ति र भाइचाराको स्रोत हाम्रो
नेपाल आज विश्वमा चिनिन्छ

अजेय र अमरले शान्तिक्षेत्र मानिन्छ
प्राचीन ऋषिमुनिहरूको देश हाम्रो
व्यास र जनकले सजाएको आश्रम हाम्रो
अनेक राजा-महाराजाहरू चित् हुन्छन्
हाम्रो देवभूमिको अनन्त रसपानले
विश्व आज यदाकदा तल्लिन
नयाँ खोजी र विज्ञानको आविष्कारले
तानाशाहीहरूको हुङ्कार र आडम्बर
धराशायी हुन्छन् बुद्धको अनन्त ज्ञानले
विज्ञान र प्रविधिको होडबाजीले
अहङ्कार र महानता मात्र हाबी हुन्छ
बुद्ध आऊ तिमी जन्मेऊ
मानवता र अहिंसाको पाठ सिकाऊ
विश्व आज तनावग्रस्त छ
भय, आतङ्क र परस्पर रक्तपातमा
तिम्रो महान् वाणीका भोका हामी
जातीय हिंसा र द्वन्द्वको बीचमा
तिमीलाई नचाहने आज को होला
सारा महाशक्ति पनि छन् तिम्रै खोजीमा
विनाशपछि रचना हुन्छ धर्ती अमर छ
बुद्धले आज नजन्मे यहाँ मानिस अपूरो छ ।

हार्दिक शुभकामना
नववर्ष २०७६ को सुखद उपलक्ष्यमा सु-स्वास्थ्य, दीर्घायु एवम् सुख शान्ति र समृद्धिका लागि
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै, अनेसासको अनलाइन प्रकाशन
अनेसास दर्पण
को अङ्क ५ प्रकाशन हुन लागेकोमा खुसी प्रकट गर्दछु ।
लालगोपाल सुवेदी
सचिव
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
International Nepali Literary Society (INLS)
केन्द्रीय कार्य समिति
प्रधान सम्पादक
अनेसास दर्पण प्रकाशन समिति

# फेब्रुअरी फिभर



● डा. दुर्गा दाहाल
सल्लाहकार, बोर्ड अफ ट्रस्टी

- हरेक वर्षको फेब्रुअरी १४ तारिखका दिन यो दिनलाई 'प्रेमदिवस' अर्थात् 'प्रणय दिवस' का रूपमा मनाइने गरिन्छ। अमेरिका, युरोप र अस्ट्रेलियामा विशेष रूपमा मनाइने यो दिवस हिजोआज विश्वभरि नै मनाइन्छ भने नेपाल पनि प्रेमको मामलामा किन पो पछि पर्थ्यो र ?

**पृष्ठभूमि :**

तेस्रो शताब्दीको कुरा हो। रोम साम्राज्यमा राजा क्लडियस द्वितीयले राज्य गर्थे। उनी युद्धपिपासु र दम्भी प्रवृत्तिका राजा थिए। आफ्नो शासनकालमा उनले एउटा कठोर किसिमको सैन्य कानुन पारित गरे। जसअनुसार सेनामा भएका नागरिकहरूले विवाह गर्न नपाउने र विवाहित नागरिकले सेनामा भर्ती हुन नपाउने निषेधाज्ञा जारी भयो। फलस्वरूप सेनाहरूमा नैराश्यको भावना पैदा भयो।

राजाको मान्यता के थियो भने विवाहितहरू सेनामा भएको बखत पनि घरपरिवारकै यादमा हुन्छन्, उनीहरूलाई छुट्टी पनि धेरै चाहिन्छ र विवाह गरेपश्चात् वीर्यनाश भइ लड्ने क्षमतामा पनि कमी आउँछ। अतः सेनामा भर्ती भएपछि विवाह गर्न नपाउने र विवाह गरेकाहरूले सेनामा भर्ती हुन नपाउने कडा कानुन बन्यो। यसैबीच उनको सेनामा भ्यालेन्टाइन (Valentine) नाम गरेका एकजना क्रिस्चियन पादरी (पुरोहित) रहेछन्। उनले गोप्य रूपमा सेनाहरूको विवाह गरिदिँदा रहेछन्। सेनाभित्र र बाहिर पनि यसरी विवाह गरिदिएर उनले प्रेमीहरूको उद्धार गरिदिँदा रहेछन्। यो रहस्य थाहा पाएपछि राजा क्रुद्ध भएर भ्यालेन्टाइनलाई कारागारमा जाकिदिएछन् र फाँसी दिने भएछन्। मृत्युदण्डको मिति तोकिनुपूर्व नै भ्यालेन्टाइन आफै पनि कारागारमै रहेका बेला जेलरकी छोरीको प्रेममा फसेछन्। यद्यपि जेलरकी छोरी अन्धी थिइन तर पनि उनीहरूका बीचमा गहिरो प्रेम पलाएछ। जेलमा उनीसँग प्रेमिकालाई दिने कुनै उपहार थिएन, न त प्रेमपत्र लेख्ने कलम

नै थियो । आफ्नी प्रेमिकालाई गुमाउनुपरेको पीडामा मृत्युदण्ड पाउने अघिल्लो दिन उनले एउटा कविता लेख्ने सुर कसेछन् तर साथमा कलम अथवा अन्य कुनै औज़ार रहेनछ । अन्ततोगत्वा, सेतो फूल फूल्ने एउटा वैजनी बिरुवा (Violet flower) टिपेर त्यसको रसले औँलाको प्रयोग गरेर  प्रेमपत्र लेखेछन् । कवितामा र त्यो प्रेमपत्र पढ्ने प्रयास गर्दागर्दै ती अन्धी प्रेमिकाका आँखा खुलेछन् र त्यो पवित्रप्रेम महान् भएछ भन्ने रोचक प्रसङ्ग पनि पाइन्छ । कविता कोरेर पत्रको अन्त्यमा उनले लेखेका रहेछन् : From your Valentine.

मृत्युदण्ड त दिइयो तर उनको प्रेमप्रसङ्ग प्रख्यात भयो । त्यसैबेलादेखि इतिहासमा र अहिले त झन् यसलाई फेब्रुअरी फिभर डे (February Fever Day) अर्थात् भ्यालेन्टाइन डे (Valentine's Day) का रूपमा यत्र, तत्र, सर्वत्र मनाइन्छ ।

भ्यालेन्टाइनको मृत्युपश्चात् क्याथोलिक धर्मावलम्बीहरूले पछि गएर यो विशेष दिनलाई चाडका रूपमा मनाउन थालेछन् । यही दिन अर्थात् फेब्रुअरी १४ मा उनलाई मृत्यु दिएको हुनाले उनको पवित्र प्रेमको सम्मानमा विशेष गरी युवायुवतीहरूले र प्रेमका पारखीहरूले यो दिन विशेष उत्साहका साथ मनाउने गर्छन् । स्मरण रहोस, यही महिनाको १४ तारिखदेखि प्रेम चराहरू पनि एकापसमा भेट्ने र प्रेमालाप गर्ने गर्छन् भन्ने विश्वास गरिन्छ ।

- प्रेम के हो त ? किन एकापसमा प्रेम हुन्छ ?

'प्रेम' केवल एउटा शब्द मात्रै हैन अपितु सञ्जीवनी हो । यो यस्तो एउटा पवित्र शब्द हो, जसको सम्पूर्ण अर्थ  बुझ्न सके जीवन निर्मल हुन्छ । प्रेम स्वतःस्फूर्त हुन्छ । यो मनमा पलाउने क्रिया र प्रतिक्रिया हो, जुन व्यक्तिको  मनोविज्ञानसँग सम्बन्धित हुन्छ ।

प्रेम एउटा अद्‌भूत अनुभव हो । यो आत्मीयता, पवित्रता, प्रतिबद्धता, लगनशीलता र निरन्तरतामा पलाउने र हुर्किने तत्त्व हो । प्रेमभावले मानव मस्तिष्कमा Endorphin नामक एउटा हार्मोनतत्त्व पैदा गराउँछ । फलस्वरूप ऊ खुसी हुन्छ र अरूलाई पनि प्रेमभावले खुसी तुल्याउने प्रयत्न गर्छ । यसको नियमित प्रयोगले जीवनमा ऊर्जा, सकारात्मकता र गतिशीलता ल्याउँछ ! एउटा व्यक्तिको जीवनमा प्रेमरसले विस्मयकारी परिवर्तन ल्याउन सक्छ । आश्चर्य मान्नुपर्दैन तर कटु सत्य के हो भने प्रेमको अभावमा एउटा व्यक्तिले आत्महत्या गर्ने प्रबल सम्भावना हुन्छ भने जीवन समाप्त गर्ने निर्णयमा पुगेको अर्को व्यक्ति

प्रेमको पुकारमा अर्थात् कसैले प्रेम गर्छु भन्यो भने त्यो निर्णय परिवर्तन पनि गर्न सक्छ । प्रेमको ठूलो महत्त्व र भूमिका हुन्छ ।

प्रेम 'आशीर्वाद' हो तर यो अनुभूतिलाई उपयुक्त समयमा, उपयुक्त पात्रका निम्ति, उपयुक्त ढङ्गले निश्चित प्रयोजनका निम्ति सदुपयोग गर्नुपर्छ, दुरूपयोग गरियो भने अभिशाप बन्छ । त्यसमा सौदाबाजी, सर्त, सीमा र परिधि हुँदैन ! जात, धर्म, वर्ण, लिङ्ग, सम्प्रदाय, उमेर, धनदौलत र भूगोल आदि विविध सङ्कीर्ण सीमाहरू नाघेर एउटा सुन्दर संसारको परिकल्पनामा यो 'प्रेम' भन्ने पवित्र शब्दले आफ्नो साम्राज्य विस्तार गर्छ र नवसञ्चार गर्छ सम्बन्धित व्यक्तिहरूमा । यो निराकार हुन्छ र निःशब्द पनि हुनसक्छ तर कालान्तरसम्म जीवित हुन्छ । उदाहरणको निम्ति 'कृष्णलीला' नै पर्याप्त छ । आज पनि कृष्णलीलाको महिमा जन, मन र पवनमा समेत मिसिएको छ र एकजना पवित्र प्रेमका उपासकले स्वार्थरहित प्रेमक्रीडामार्फत् सोह्रसय गोपिनीको मनमन्दिरमा बास गर्न सफल भएका थिए र गोपिनीहरू पनि एकापसमा खुसी थिए ।

कसैले पनि कसैलाई प्रेम गर्न सक्छ तर त्यसमा वासना, चाहना र काया मिसिएको हुनुहुँदैन । हुन्छ त केवल तृष्णा ! पवित्र प्रेमप्रतिको तृष्णा । अधिकांश मानिसहरूले प्रेमलाई यौनसँग जोडेर हेर्छन्, जुन सर्वथा ग़लत छ ! प्रेम र यौन दुईवटा छुट्टै विषय हुन् । प्रेममा यौन मिसिनै पर्छ भन्ने छैन र मिसिएपछि सम्बन्ध बिग्रिने प्रबल सम्भावना पनि रहन्छ यदि त्यो प्रेम प्राकृतिक नभएर कृत्रिम र अस्थायी प्रकृतिको रहेछ भने ।

वास्तविक प्रेम देह र शरीरसँग नभएर आत्मा, विचार, भावना र उसको मनोवृत्तिसँग हुन्छ । प्रेमले व्यक्तिको जीवनमा ठूलो सकारात्मक परिवर्तन ल्याउन सक्छ । देहसँगको मात्रै प्रेम क्षणिक, उत्ताउलो र अस्थायी प्रकृतिको मात्रै हुन्छ भने आत्मा, भावना, विचार र जीवनदर्शनसँग सम्बन्धित र उत्सर्गित प्रेम सजीव, अमर र दीर्घकालीन हुन्छ ! स्वार्थसँग जोडिएको प्रेम खहरे खोलोजस्तो हुन्छ भने प्राकृतिक प्रेम निर्मल गङ्गा र विशाल झर्नाजस्तो हुन्छ ।

वास्तविक प्रेम निःस्वार्थ, चिरस्थायी र निश्चल हुन्छ । प्रेम एउटा अन्तर्निहित भावना र उद्वेलित अनुभव हो । यो आफै अकस्मात् पलाउँछ र हुर्किँदै जान्छ तर यसलाई हुर्काउन मलजल र गोडमेल गर्नुपर्छ । अर्थात् सत्गुणहरूले मलजल र बद्गुणहरूलाई आफ्नो जीवनबाट फाल्दै जानुपर्छ !

सच्चाप्रेम निरपेक्ष हुन्छ । सच्चा प्रेमीले कुनै एक व्यक्ति विशेषलाई माया

गर्दैमा अरूलाई घृणा कहिल्यै कदापि गर्दैन । शारीरिक, मानसिक, आवेगिक र आध्यात्मिक तवरले  स्वस्थ एउटा व्यक्तिले संसारमा भएका सबै प्राणीहरूलाई (मानिसको त कुरै भएन) माया गर्छ र गर्नुपर्छ । सबैप्रति माया हुनु एउटा उच्च मानवीय गुण हो । प्रेमपूर्ण व्यक्तिले कसैबाट कुनै कुराको अपेक्षा गर्दैन परन्तु सबैप्रति समभाव, स्नेह र आदरभाव राख्छ ! उक्त व्यक्तिले सदैव कल्याणकारी भाव र स्वभावमा ममता र समताको बीज छर्दै आफू पनि सदैव आनन्दित र प्रफुल्लित हुने प्रयत्न गर्छ र अरूको जीवनमा पनि आशाको दियो बालिदिन्छ ।

- प्राकृतिक प्रेम कोसँग कसरी पलाउँछ त ?

सबैभन्दा पहिले मन मिल्नुपर्छ ! मन अमूर्त हुन्छ । एउटाको मनमा तरङ्गित भएका विचार, भावना र अनुभूतिहरू अर्काको मनमा भएका सुप्त विचार र कनिकाहरूसँग मेल खाएर भित्रभित्रै उद्वेलित र प्रखर भएर आए र निरन्तर अङ्कुरित हुँदै गए भने प्रेम पलाएछ भन्न सकिन्छ । कसैले भेट गराइदिएर अथवा देखाइदिएर प्रेम हुँदैन । त्यसैले समय चाहिन्छ र संवाद गर्नुपर्छ ।  संवादबिनाको प्रेम र प्रेमबिनाको संवाद निरस र निरर्थक हुन्छ ।

यो ‘प्रेम’ भन्ने विषय विशाल र अनन्त छ । विश्वका प्रख्यात साहित्यकारहरूले यस विषयमा अनेक गीत, कविता, निबन्ध, उपन्यास, ग़ज़ल, मुक्तक, काव्य, महाकाव्य लेखिसकेका छन्, लेख्दै छन् र परन्तुमा पनि लेख्ने छन् । यसको महिमा अपरम्पार छ ।

सङ्कुचित र स्वार्थयुक्त प्रेमको कुरा गर्नु समयको बर्बादी र निरर्थक भएकाले यहाँ लेखिनँ । भुक्तभोगी पाठकहरूसँग आ-आफ्नै अनुभवहरू नै पर्याप्त होलान् भन्ने हेतुले केवल हिन्दी साहित्यका धुरन्धर कवि कविरदासको एउटा दोहामार्फत् यो लेखलाई बिट मारेँ ।

‘पोथी पढी-पढी जग मुवा, पंडित भया न कोय
ढाई अक्षर प्रेमका पढ़े सो पंडित होय ।’

शब्दार्थ : पोथी (पुस्तक) जग (संसार) मुवा (मरे) ढाई (अढाई) पंडित (विद्वान्) (अर्थात्, यो संसारमा भारी-भारी किताब पढेर धेरैले डिग्री त लिए र मरेर पनि गए तर विद्वान् हुन सकेनन् । भन्नुको तात्पर्य जसले ‘प्रेम’ भन्ने अढाई शब्दको महिमा र गुढ अर्थ बुझ्न सक्छ । त्यसले  मात्रै संसार चिन्छ, आफू आनन्दित हुन्छ र अरूलाई पनि प्रेमभाव र स्नेहले सिञ्चित गर्न सक्छ ।

(प्रा.डा. अङ्ग्रेज़ी साहित्यका प्राध्यापक र अनुसन्धाता हुनुहुन्छ)

# आयतन

● पुष्पा खनाल
इलाम (हाल : काठमाडौं)



तिमीले नापिरहेको मेरो आयातन
खुम्चियो कि तन्कियो ?
त्यसको हिसाब तिमी आफैं राख्नू !
किनकि,
तिम्रो फित्ताको बार नाघेर
म धेरै पर निस्किसकेकी छु ।
तिमीले जलाइरहेको मेरो मन
सल्कियो कि निभिसक्यो ?
त्यसको निसाफ पनि तिमीले नै गर्नू !
किनकि,
ईर्ष्याको सलेदो बाती जलाएर
म दियोबाट फुस्किसकेकी छु ।
बादलभित्र देखिने चाँदीको घेरा म
चम्किरहने गुण छ त्यसको
मलाई आकार दिने कोसिस नगर्नू !
किनकि,
तिमीले तोकेको सिमाना मिचेर
म परिधिबाट उम्किसकेकी छु ।
एउटा घाँसे मैदान रोपेर
तिमीले देखाएको सपनाको खेत
बाँझियो की लहरायो ?
त्यसको लेखाजोखा तिमीले नै राख्नू !
किनकि,
भाग्य तिम्रो मैदानमाथि छोडेर
कर्मलाई भविष्य सुम्पिसकेकी छु ।



# छोरीको कर्म



● ऋषि बराल
ट्रस्टी सदस्य, अनेसास

करिमले छेउलाएपछि त
आफन्त नि बोल्दैनन् मसित ।
    शीत पऱ्यो हरियो वनभरि
    पीर पऱ्यो उराठे मनभरि ।
बाँसको चोया टुप्पैमा फितलो
कहाँ गएर होला मन सितलो ?
    छैन भनूँ त छ मेरो घरबार
    छ भनेर लाग्दैन आधार ।
अभागिनी भनूँ भने शिरको सिन्दूर चोखै छ
भाग्यमानी भनूँ भने पेट भोकै छ ।
    गाई पालेर बाघैले खाइदियो
    भाइ पालेर लोप्रेहात लाइदियो ।
आफू लाहुर जुल्फी लर्काउनी
मलाई भने घर-जहानले थर्काउनी ।
    हे आमा जान्नँ म घर
    त्यो घरको सम्झना के छ र ?
पटुकीले कम्मरै कसियो
न घर बन्यो ! न झुमा बसियो !

